
# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००, ९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २८३ | काठमाडौं | बुधबार, २८ माघ २०८२ | Prabhab National Daily | Wednesday, 11 February 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## होटल हायातविरूद्ध भारतमा मुद्दा, ७५ करोड भारू क्षतिपूर्ति माग



- जेन-जी विद्रोहको क्रममा भदौ २४ गते देशभर लुटपाट तथा आगलागी, सोही क्रममा होटल हायातमा पनि तोडफोड तथा आगजनी हुँदा भाग्ने क्रममा राजेश गोलाको मृत्यु
- होटलले ग्राहकको उद्धार गर्न नसकेको भन्दै ७५ करोड भारतीय रूपैयाँ क्षतिपूर्ति मागेका गोलाका श्रीमान्ले भारत सरकारसँग २५ करोड भारतीय रूपैयाँ माग गरेको छ
- नेपालमा भएको घटनाका क्षेत्राधिकार भारतको अदालतमा पर्छ या पर्दैन भन्ने विषय अन्योलमा रहेकै बेला नयाँ दिल्ली उच्च अदालतले फेब्रुअरी २६ का लागि पेसी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** जेन-जी विद्रोहका क्रममा होटल हायातमा आफ्नी श्रीमतीको मृत्यु भएको भन्दै एक भारतीय अदालत पुगेका छन् । जेन-जी विद्रोहको क्रममा भदौ २४ गते होटल हायातमा ज्यान गुमाएकी ५७ वर्षीया राजेश गोलाका श्रीमान् रामवीरसिंह अदालत पुगेका हुन् ।

नयाँ दिल्लीस्थित उच्च अदालत पुगेका ६० वर्षे रामवीरले १०० करोड भारतीय रूपैयाँ क्षतिपूर्तिको माग गर्दै मुद्दा हालेका हुन् । उक्त मुद्दाको सुनुवाइका लागि दिल्ली उच्च अदालतले फेब्रुअरी २६ का लागि पेसी तोकेको छ ।

उत्तर प्रदेशस्थित गजियावादका गोला दम्पती भदौ २२ गते बौद्धस्थित होटल हायातमा बसेका थिए । जेन-जी विद्रोहको क्रममा भदौ २४ गते देशभर लुटपाट तथा आगलागी भयो । सोही क्रममा होटल हायातमा पनि तोडफोड तथा आगजनी भयो । होटलमा आगलागी भए पनि राजेश भागेकी थिइन् । आगो लागेपछि आफूहरू चौथो तल्लाबाट हाम्फालेको भारतको विभिन्न मिडियासँग रामवीरले बताएका छन् ।

सोही क्रममा घाइते भएकी उनको उपचारको क्रममा त्रिभुवन शिक्षण अस्पताल महाराजगञ्जमा मृत्यु भएको थियो । उक्त घटनापछि आफ्नो परिवार नेपाल नजाने भन्दै प्रतिक्रियासमेत रामवीरले दिएका थिए । त्यतिबेला नेपालस्थित भारतीय दूतावासले पनि कुनै सहयोग नगरेको गोला परिवारको गुनासो थियो ।

होटल हायातमा बास बसेकी भारतीय नागरिकको मृत्यु भएपछि भारतीय दूतावासले यस विषयलाई गम्भीरतापूर्वक हेरेको जनाएको थियो । अहिले यही मुद्दा भारतीय अदालतमा पुगेको हो । एक हप्ताअघि यो रिट अदालत पुग्दा सुरुमा त्यहाँका न्यायाधीशहरू अलमलमा परेका थिए । नेपालमा भएको घटना आफ्नो क्षेत्राधिकारभित्र पर्ने हो वा हैन भनेर त्यहाँका न्यायाधीश पुरुशैन्द्र कुमार कौरवले प्रश्न गरेका थिए ।

क्रमशः पृष्ठ २ मा

नेकपाको प्रतिबद्धतापत्र

## भ्रष्टाचारीलाई तह लगाउनेदेखि रोजगारी सिर्जना र आर्थिक वृद्धिको महत्त्वाकांक्षी लक्ष्य

### प्रतिबद्धतापत्रमा के छ ?

- मूल नारा- सुशासन र रोजगारी समाजवादको तयारी, राष्ट्रियता र लोकतन्त्रको रक्षा हाम्रो जिम्मेवारी ।
- क्रान्तिकारी शक्ति : नेकपा
- यथास्थितिवादी शक्ति : कांग्रेस-एमाले
- पपुलिस्ट शक्ति : रास्वपा
- प्रतिगामी शक्ति : राप्रपा
- संविधान संशोधन
- शासकीय स्वरूप परिमार्जन
- प्रदेश र स्थानीय तहलाई अधिकार सम्पन्न बनाउने
- भ्रष्टाचारविरूद्ध शून्य सहनशीलता
- उच्चस्तरीय सम्पत्ति छानबिन आयोग गठन
- लोकपाल गठन
- ई-गभर्नेन्स
- कर्मचारीतन्त्रमा नयाँ जनशक्ति
- आर्थिक वृद्धिदर १० प्रतिशत माथि
- हरेक वर्ष पाँच लाखलाई रोजगारी
- दुई वर्षभित्र भोकमुक्त नेपाल
- भूमिहीन अन्त्य
- भ्रष्टाचारीको सम्पत्ति राष्ट्रियकरण गर्ने
- वर्षमा १० हजार मेगावाट विद्युत् उत्पादन गर्ने
- २० सहरलाई 'स्मार्ट सिटी' बनाउने




■ **जेबी योञ्जन**

**काठमाडौं–** नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि प्रतिबद्धतापत्र सार्वजनिक गर्दै समग्र राजनीतिक प्रणाली, प्रमुख दलहरू र वर्तमान शासन अभ्यासप्रति कडा आलोचना गरेको छ । पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा मंगलबार आयोजित कार्यक्रममा संयोजक पुष्पकमल दाहालले नेकपामात्रै समाजवादी रूपान्तरणको एजेन्डा बोकेको क्रान्तिकारी शक्तिका रूपमा प्रस्तुत गरेका छन् ।

> “हामीले विगतमा भएका कमी कमजोरीको समीक्षासहित एउटा नयाँ संकल्प र दृढताका साथ नेपाललाई नयाँ बनाएरै छाड्ने संकल्प यो प्रतिबद्धतापत्रमा व्यक्त भएको छ ।
>
> ■ **पुष्पकमल दाहाल**
> संयोजक, नेकपा

प्रतिबद्धतापत्रमा नेकपासँग मात्रै समाजवादी रूपान्तरणको स्पष्ट दृष्टिकोण र कार्यदिशा रहेको दाबी गरिएको छ । नेकपा एमाले र नेपाली कांग्रेसलाई यथास्थितिवादी शक्तिको रूपमा चित्रण गरिएको छ । यी दलले पुरानै नीति, पुरानै शासन शैली र यथास्थितिको संरक्षणमार्फत देशलाई जकडिरहेको आरोप लगाइएको छ । यी दलहरूले राजनीतिक स्थायित्व, सुशासन र आर्थिक रूपान्तरणका लागि आवश्यक नयाँ दृष्टिकोण दिन नसकेको दाहालको आरोप छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई 'पपुलिस्ट शक्ति' को संज्ञा दिँदै उक्त दलले सिद्धान्त, विचार र दीर्घकालीन दृष्टिकोणविनाको राजनीति गरिरहेको आरोप गरेको छ । राजनीतिक अव्यवस्थासँग जोडिएका तत्वसँग रास्वपाको सम्बन्ध रहेको आरोपसमेत प्रतिबद्धतापत्रमा उल्लेख छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)लाई प्रतिगामी पुनरुत्थानवादी शक्ति भन्दै राजतन्त्र फर्काउने प्रयासलाई लोकतान्त्रिक उपलब्धिमाथिको हमला भनेर चित्रण गरिएको छ । नेकपाले राजतन्त्र पुनर्स्थापनाका प्रयासलाई देशलाई पछाडि फर्काउने खतरनाक राजनीतिक खेलको रूपमा व्याख्या गरेको छ ।

प्रतिबद्धतापत्र भनिएको घोषणापत्र सार्वजनिक गर्दै संयोजक दाहालले नयाँ नेपालको संकल्प रहेको पनि दाबी गरे । महत्त्वाकांक्षीजस्तो लागे पनि नेकपाले सम्भव हुने उनको भनाइ छ ।

क्रमशः पृष्ठ २ मा

### फागुन ३ गतेसम्म घोषणापत्र सार्वजनिक गर्न आयोगको निर्देशन

निर्वाचन आयोगले आगामी फागुन ३ गतेसम्ममा चुनावी घोषणापत्र सार्वजनिक गर्न राजनीतिक दलहरूलाई निर्देशन दिएको छ ।

आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार २१ फागुनमा निर्वाचनमा भाग लिने दलहरूले निर्वाचन आयोगमा घोषणापत्र पेस गर्नुपर्ने र त्यो समय फागुन ३ गतेसम्मको समय दिइएको छ । घोषणापत्र सार्वजनिक गर्ने र बुझाउने प्रावधान राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ५७ मा उल्लेख छ ।

'निर्वाचनमा भाग लिएका राजनीतिक दलहरू तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फका उम्मेदवारहरूले निर्वाचन आचारसंहिता २०८२ को दफा ३७ बमोजिम संवत् २०८२ साल फागुन ३ गते भित्र निर्वाचन घोषणापत्र सार्वजनिक गरी राजनीतिक दलले निर्वाचन आयोगमा र उम्मेदवारले सम्बन्धित निर्वाचन कार्यालयमा पेस गर्न राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम निर्देशन दिइएको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ,' आयोगको विज्ञप्तिमा उल्लेख छ ।

**सन्दर्भः वैदेशिक रोजगार**

## उत्पादनमूलक क्षेत्रतर्फको कोरियन भाषा परीक्षा सम्पन्न

- ३५ सय जनाको कोटामा ६७ हजारभन्दा बढीले दिए परीक्षा
- कृषितर्फको परीक्षा फागुन ३ गते सुरू हुँदै

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** उत्पादनमूलक क्षेत्रतर्फको कोरियन भाषा परीक्षा मंगलबार सकिएको छ । गत मंसिर १० गतेदेखि सुरु भएको परीक्षा मंगलबार सम्पन्न भएको वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले जानकारी दिएको छ ।

भैंसेपाटिस्थित एचआरडी कार्यालयमा दैनिक चारदेखि पाँच सिफ्टमा परीक्षा सञ्चालन गरिएको थियो । प्रत्येक सिफ्टमा २०० जना परीक्षार्थी राखेर गरिएको परीक्षामा हरेक दिन करिब डेढ सयको हाराहारीमा परीक्षार्थी अनुपस्थित भएको इपिएस शाखाका सूचना अधिकारी राजकिशोर साहले बताए । 'हरेक दिन सरदर डेढ सयजस्तो अनुपस्थित भएको पाइएको छ । धेरै परीक्षार्थीले कोरियाको वेबसाइटबाट आफ्नो परीक्षा तालिका हेर्नुहुँदो रहेछ,' उनले भने,




'उताको वेबसाइटमा यसबीचमा उत्पादनमूलक क्षेत्रको परीक्षा तालिकामा परिवर्तन भएको थियो । यसले गर्दा धेरैको परीक्षा छुटेको पाइयो ।'

उत्पादनमूलक क्षेत्रका लागि आवेदन दिएका ६७ हजार २९७ जनाको परीक्षा सकिन कूल ७५ दिन लागेको हो । उक्त क्षेत्रका लागि कोरियाले तीन हजार ५०० कामदार लग्ने जनाएको छ । यसको नतिजा भने कृषि तथा पशुपालनतर्फको परीक्षा सकिएपछि एकैपटक आउने शाखाले जनाएको छ । सो नतिजा परीक्षा सकिएको एकदेखि दुई साताभित्र आउने जनाइएको छ ।

यसपछि कृषि तथा पशुपालनतर्फको परीक्षा फागुन ३ गतेबाट सञ्चालन हुँदै छ ।

क्रमशः पृष्ठ २ मा

### मलेसियामा विदेशी कामदारमाथि निर्भर कम्पनीलाई उच्च कर

**काठमाडौं (प्रस)–** मलेसियाले विदेशी कामदारमा बढी निर्भर हुने कम्पनीहरूलाई उच्च कर लगाउने भएको छ । त्यहाँका मानव संसाधनमन्त्री दातुक सेरी रामानन रामाकृष्णननले विदेशी कामदारमा धेरै निर्भर रहने कम्पनीका लागि जरिवानास्वरूप बहुस्तरीय कर प्रणाली ल्याउन लागेको बताएको मलेसियन सञ्चारमाध्यम 'द ऐज'ले उल्लेख गरेको छ ।

प्रस्तावित प्रणालीअन्तर्गत संकलन गरिएको करलाई एक कोषमा पठाउने योजना बनाइएको छ । उक्त रकम रोजगारदाताको उत्पादन प्रक्रिया र स्थानीय कामदारको सीप विकासजस्ता कार्यक्रममा खर्च गरिने जनाइएको छ । समाचारका अनुसार मन्त्री रामाननले विदेशी कामदारमाथि निर्भरता घटाउन नसकेका कम्पनीहरूले जरिवाना र बढी कर तिर्न जोखिम मोलेको बताएका थिए । यो कहिलेबाट कार्यान्वयनमा आउँछ भनेर भने नखुलाएको जनाइएको छ ।

मलेसियाले विदेशी कामदारमाथिको निर्भरता सन् २०३० सम्म कूल श्रमशक्तिको १० प्रतिशतमा झार्ने लक्ष्य राखेको छ । त्यस्तै, २०३५ सम्म १३औं मलेसिया योजना (२०२६-२०३०) अन्तर्गत यसलाई पाँच प्रतिशतमा सीमित राख्ने भनिएको छ । यो योजनालाई गत वर्षको अगस्टमा संसद्ले स्वीकृत गरेको थियो । हाल मलेसियाको कूल श्रमशक्तिको १५ प्रतिशत अर्थात् २५ लाख विदेशी कामदार रहेको बताइन्छ । त्यहाँ करिब साढे तीन लाखभन्दा बढी नेपाली कार्यरत रहेका छन् ।

## तामाकोसीमा बस खस्दा १२ जनाको मृत्यु, आठ जना घाइते

- काठमाडौंबाट ओखलढुंगा जाँदै गरेको बस दुर्घटना
- मृतकहरु आठ जना रामेपछाप, दुई जना दोलखा र एक जना सिन्धुलीका
- मृतक १२ मध्ये ११ जनाको मात्र खुल्यो पहिचान
- दुर्घटनामा चालकसहित आठ जना घाइते



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** काठमाडौंबाट ओखलढुंगा जाँदै गरेको बस रामेछापस्थित तामाकोसी नदीमा मंगलबार दुर्घटना हुँदा १२ जनाको मृत्यु भएको छ । दुर्घटनामा परी आठ जना घाइते भएका छन् ।

मृतक १२ मध्ये ११ जनाको पहिचान खुलेको छ । रामेछापका प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाका अनुसार एक जनाको पहिचान खुल्न बाँकी छ । मृतकहरू आठ जना रामेपछाप, दुई जना दोलखा र एक जना सिन्धुलीका छन् ।

मृतकहरू दोलखाको भिमेश्वर नगरपालिका-७ का २५ की बबि तामाङ र सोही नगरपालिकाको वडा नम्बर ८ का अन्दाजी ६० वर्षीय मानबहादुर तामाङ छन् । अन्य मृतकमा रामेछापको लिखु तामाकोसी गाउँपालिका-४ का अन्दाजी २८ का दिपेश बस्नेत, सोही गाउँपालिकाको वडा नम्बर ७ की अन्दाजी ३५ वर्षीया सानुमाया तामाङ, अन्दाजी ३१ वर्षीया तारा तामाङ, ३६ वर्षका भीमबहादुर तामाङ, १६ वर्षकी रमिता तामाङ, सोही गाउँपालिकाको वडा नम्बर ६ की अन्दाजी ४५ वर्षीया मानकुमारी बरुवाल, जिल्लाकै उमाकुण्ड गाउँपालिका-६ का अन्दाजी २४ वर्षीय विशाल सुनुवार र सिन्धुलीको गोलञ्जोर गाउँपालिका-६ का ३४ वर्षीय शिव श्रेष्ठ रहेका छन् । पहिचान खुल्न बाँकी पुरुष रहेको र उनको अन्दाजी उमेर ५०-५५ भएको प्रहरीले जानकारी दिएको छ ।

दुर्घटना भएको बा. प्र. ००१-०५ ख ९९७५ नम्बरको पूर्व अरनिको यातायात प्रालिको बस हो । उक्त बस मन्थली नगरपालिका-६ बेनीघाट पुलनजिकैबाट तामाकोसीमा खसेको थियो । पुष्पलाल सडकखण्डअन्तर्गत मन्थली-खुर्कोट हुँदै ओखलढुंगातर्फ गइरहेको बस बिहान १०:४० बजे दुर्घटना भएको थियो । दुर्घटनालगतै नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीले उद्धार गरेको थियो । मृतक सबैको शव मन्थली अस्पतालमै राखिएको छ ।

दुर्घटनामा चालकसहित आठ जना घाइते भएका छन् । चालक भने सामान्य उपचारपछि डिस्चार्ज भएका छन् । उनलाई प्रहरीले नियन्त्रणमा लिएको छ । अरु घाइते सात जनालाई काठमाडौंतर्फ रेफर गरिएकोमा छ जनाको धुलिखेलमा उपचार भइरहेको छ ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

## भ्रष्टाचारीलाई...

'सबैका राय सल्लाह र सुझावका आधारमा हाम्रो पार्टीले जुन उद्देश्यका साथ अगाडि जान खोजेको छ र यो राष्ट्रलाई एकताबद्ध गर्ने र राष्ट्रको अगाडि देखापरेको चुनौतीको सामना गर्ने अलिकति सुन्दा कतिपय महत्त्वाकांक्षी जस्तो पनि लाग्न सक्छ,' उनले पत्रकार सम्मेलनमा भने, 'तर, हामीले विगतमा भएका कमी कमजोरीको समीक्षासहित एउटा नयाँ संकल्प र दृढताका साथ नेपाललाई नयाँ बनाएरै छाड्ने संकल्प यो प्रतिबद्धतापत्रमा व्यक्त भएको छ।'

प्रतिबद्धतापत्रमा राजनीतिक एजेण्डाका रूपमा नेकपाले संविधान संशोधन अघि सारेको छ। बहुदलीय व्यवस्थाको ३५ वर्षसम्म देखिएको राजनीतिक अस्थिरताले देश विकासको मार्गमा फड्को मार्न नसकेको निष्कर्ष निकाल्दै शासकीय स्वरूपमा पुनर्विचार गर्नुपर्ने धारणा राखेको छ।

यसबाहेक खर्चिलो निर्वाचन प्रणाली, बारम्बार सरकार परिवर्तन हुने प्रवृत्ति र ठूलो आकारको मन्त्रिपरिषद्ले राज्य सञ्चालनलाई अव्यवस्थित बनाएको निष्कर्ष पनि नेकपाको छ। त्यसका समाधानका रूपमा सानो मन्त्रिपरिषद्, निर्वाचन प्रणालीमा सुधार, शासकीय स्वरूपको परिमार्जन र संघीयताको प्रभावकारी कार्यान्वयन गर्ने प्रस्ताव गरिएको छ।

प्रदेश र स्थानीय तहलाई अधिकार सम्पन्न बनाउने, शिक्षा र स्वास्थ्य क्षेत्रमा ६० प्रतिशत बजेट प्रदेश तथा स्थानीय तहबाट खर्च गर्ने, तथा राष्ट्रिय सभालाई विशेष प्रतिनिधित्वको संस्थाका रूपमा सुदृढ गर्ने अवधारणा पनि घोषणापत्रमा समेटिएको छ। नेकपाले भ्रष्टाचारलाई राज्यको सबैभन्दा ठूलो सत्रु र 'क्यान्सर'को संज्ञा दिँदै यसविरुद्ध शून्य सहनशीलताको नीति लिने घोषणा गरेको छ। घोषणापत्रमा सबै सार्वजनिक पदाधिकारीको सम्पत्ति छानबिन गर्न एक वर्षको समय सीमासहित उच्चस्तरीय सम्पत्ति छानबिन आयोग गठन गर्ने उल्लेख छ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रलाई एकीकृत गरी शक्तिशाली लोकपाल गठन गर्ने, भ्रष्टाचारीको सम्पत्ति राष्ट्रियकरण गर्ने र खैरो सूचीबाट देशलाई छिट्टै निकाल्ने प्रतिबद्धता पनि समेटिएको छ। सरकारी सेवालाई फेसलेस, पेपरलेस र क्यासलेस बनाउने, ई-गभर्नेन्स ब्लुप्रिन्ट लागू गर्ने, मेरिट र परफर्मेन्समा आधारित कर्मचारी प्रणाली विकास गर्ने तथा पाँच वर्षभित्र सरकारी सेवामा ३० प्रतिशत नयाँ जनशक्ति भित्र्याउने लक्ष्य पनि घोषणापत्रमा छ।

वर्तमान अर्थतन्त्रलाई आयात-निर्भर, उपभोगमुखी र गैरउत्पादनमुखी भएको नेकपाको निष्कर्ष छ। विगतका नवउदारवादी नीतिहरूले दीर्घकालीनरूपमा असमानता बढाएको र आत्मनिर्भरतामा बाधा पुऱ्याएको दाबी पनि गरिएको छ। नेकपाले 'आर्थिक सुधारको नयाँ चरण' को घोषणा गर्दै आगामी पाँच वर्षभित्र १० प्रतिशतभन्दा माथि आर्थिक वृद्धिदर, प्रतिवर्ष पाँच लाख रोजगारी सिर्जना र बहुआयामिक गरिबी पाँच प्रतिशतमा झार्ने महत्त्वाकांक्षी लक्ष्य अघि सारेको छ।

कृषि, उद्योग, पर्यटन, ऊर्जा र डिजिटल अर्थतन्त्रलाई प्राथमिकता दिँदै बाँझो जमिन, नदी, वन र खानीको उत्पादनमूलक उपयोग, रिटर्नी उद्यमशीलता कार्यक्रम र सहकारीलाई चौथो खम्बाका रूपमा विकास गर्ने योजना घोषणापत्रमा समेटिएको छ। कृषिलाई अर्थतन्त्रको मेरुदण्डका रूपमा परिभाषित गर्दै दुई वर्षभित्र देशलाई भोकमुक्त घोषणा गर्ने लक्ष्य राखिएको छ। धान, गहुँ, मकै, तरकारी, दूध र मासुमा आत्मनिर्भरता हासिल गर्ने, किसान परिचयपत्र, न्यूनतम समर्थन मूल्य र डिजिटल कृषि बजार प्रणाली लागू गर्ने योजना नेकपाको छ।

सिँचाइ विस्तारमार्फत पाँच वर्षभित्र ८० प्रतिशत सिँचाइयोग्य भूमिमा पानी पुऱ्याउने, जलवायु अनुकूल प्रविधि, प्रांगारिक कृषि, महिला र युवा किसान लक्षित कार्यक्रम तथा पोषण सुरक्षा नीति लागू गर्ने प्रतिबद्धता पनि समेटिएको छ। यस्तै, नेकपाले भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई दुई वर्षभित्र लालपुर्जा वितरण गरी देशलाई भूमिहीनता र सुकुम्बासीमुक्त बनाउने लक्ष्य अघि सारेको छ। यसलाई सामाजिक न्याय र ऐतिहासिक विभेद अन्त्य गर्ने कार्यक्रमको रूपमा प्रस्तुत गरिएको छ।

यस्तै, पाँच वर्षभित्र १० हजार मेगावाट थप विद्युत् उत्पादन गर्ने र सोही अवधिमा राष्ट्रिय ग्रिडको क्षमता १५ हजार मेगावाट पुऱ्याउने भनिएको छ। दीर्घकालीन लक्ष्यअनुसार सन् २१०० सम्म ४० हजार मेगावाट विद्युत् उत्पादन गर्ने र नेपाललाई शतप्रतिशत हरित ऊर्जा उपयोग गर्ने देश घोषणा योजना नेकपाको छ। पाँच वर्षभित्र पाँच लाख नयाँ आवास एकाइ निर्माण गर्ने र पाँच वर्षभित्र नै हरेक नेपालीको घरमा सफा पिउने पानी उपलब्ध गराउने, देशको २० वटा सहरलाई स्मार्ट सिटी बनाइने र

१०० वटा ग्रामीण वस्तीलाई स्मार्ट भिलेज नेकपाले प्रतिबद्धतापत्रमा समेटेको छ। संघीय निजामती सेवा ऐन पहिलो अधिवेशनबाट पारित गर्ने, उच्चस्तरीय प्रशासन संरचना पुनरावलोकन आयोग गठन गर्ने र तलबी महिलालाई दुई सन्तानसम्म ६ महिनाको सुत्केरी बिदा प्रदान गर्ने पनि नेकपाको प्रतिबद्धतापत्रमा छ। स्तन क्यान्सर, पाठेघर खस्ने, फिस्टुला, पिसाब चुहिने लगायत महिला विशेष रोगको निःशुल्क उपचार गर्ने र हरेक पालिकामा फास्ट ट्र्याक महिला न्याय युनिट स्थापना संकल्प नेकपाको छ।

हिंसापीडित महिलाका लागि प्रतिपालिका एक आवासीय मनोसामाजिक परामर्श केन्द्र स्थापना गर्ने र एकल महिलाको भत्तामा समयानुसार वृद्धि गरिने तथा सबै नागरिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा अनिवार्य आवद्धता गराउने उद्देश्य नेकपाले घोषणापत्रमा समेटेको छ।

बेरोजगारी बीमा व्यवस्था लागू गर्ने, आगामी दशकलाई दलित अधिकार दशक घोषणा गर्ने र एकीकृत दलित विकास प्राधिकरण गठन गर्नेदेखि थारु आयोग, मधेसी आयोग, मुस्लिम आयोग र आदिवासी जनजाति आयोगलाई स्रोत-साधन सम्पन्न तथा प्रभावकारी बनाउने नेकपाले जनाएको छ। शान्ति प्रक्रियाका बाँकी कार्य सम्पन्न गरी सङ्क्रमणकालको अन्त्य गर्ने, सत्य निरूपण, मेलमिलाप तथा बेपत्ता छानबिन आयोगलाई प्रभावकारी बनाउने पनि उल्लेख छ।

■■■

## होटल...

'हामीले कसरी निर्णय गर्ने ? यो त नेपालमा भएको घटना हो। आगो लागेको अन्तै छ, हामीले कसरी सुरक्षा दिने ?,' कौरवले प्रश्न गरेका थिए। सोमबार भने उनीहरूले छलफल चलाए। न्यायाधीशले त्यसपछि उनीहरूलाई रिट सच्याउन लगाए।

'निवेदन सच्याउनू। अहिलेको अवस्थामा यसलाई अघि बढाउन सकिन्छ जस्तो लाग्दैन, तैपनि हेरौं, दुई हप्तापछि यसको पेसी तोकौं,' न्यायाधीश कुवरले भने। योसँगै गोलाको रिटमाथि फेब्रुअरी २६ बाट बहस सुरु हुने बताइएको छ। भारतको संविधानको अर्टिकल २१ अनुसार होटलले आफ्नो ग्राहकलाई सुरक्षा दिन नसकेको र उद्दार गर्न नसकेको भन्दै क्षतिपूर्ति माग गरेको रिटमा उल्लेख गरिएको छ।

गोला दम्पती पशुपति मन्दिर दर्शन गर्ने उद्देश्यका साथ काठमाडौं आएका थिए। उनीहरू भदौ २३ गते पशुपतिनाथ मन्दिरमासमेत पुगेका थिए। उनीहरू व्यापारी हुन्। जेन-जी आन्दोलनका क्रममा होटल छाड्न लाग्दा पनि हायातले होटल छाड्न नदिई सुरक्षा दिने आशा देखाएको र माथिल्लो तलामा गएर बस्न सुझाएको आरोप रामवीरले लगाएका छन्। सोही क्रममा आगो लागेपछि ज्यान जोगाउन भन्दै हाम्फाल्ने क्रममा राजेशको मृत्यु भएको रामवीरले भनेका छन्।

गोलाले भारत सरकारसँग २५ करोड र हायात होटलसँग ७५ करोड भारु क्षतिपूर्ति मागेका छन्। यो भनेको करिब सवा एक अर्ब नेपाली रूपैयाँ हो। यो घटनाको अनुसन्धान गर्न उच्च न्यायिक छानबिन आयोग गठनको माग पनि गरेका छन्। भारतीय सरकारको लापरबाहीले आफ्नो श्रीमतीको मृत्यु भएको आरोप रिटमा लगाइएको छ।

रामवीरले लैनचौरस्थित भारतीय दूतावासमा पटक-पटक सम्पर्क गर्दा पनि कुनै सहयोग नगरेको आरोप लगाएका छन्। हायातले भने देश नै जलेको अवस्थामा क्षतिपूर्ति दिन सम्भव नहुने जनाएको छ। 'देश नै जलेको अवस्था र काबुभन्दा बाहिर गएको अवस्थामा क्षतिपूर्ति दिन सम्भव नरहेको होटल परिवारले जनाएको छ। यद्यपि, होटल अन्तर्राष्ट्रिय चेन भएकाले सञ्चालक समितिसँग छलफल गरेरमात्र यसबारे बताउन सकिने जनाएको छ।

■■■

## उत्पादनमूलक...

फागुन १७ गतेदेखि २६ गतेसम्म भने प्रतिनिधिसभा निर्वाचनका कारण स्थगित हुने जनाइएको छ। त्यसपछि फागुन २८ गतेबाट पुनः सञ्चालन भएर चैत १८ गते सकिने जनाइएको छ। कृषितर्फ ३५ हजार २१८ जनाले परीक्षा दिने छन्। कोरिया सरकारले यस क्षेत्रमा एक हजार ८०० कामदार लग्ने जनाएको छ।

आकर्षक सेवा सुविधा र पारदर्शी छनोट प्रणालीका कारण बर्सेनि लाखौं युवाहरू कोरियन भाषा परीक्षामा सहभागी हुन्छन्। तर रोजगारदाताले परीक्षामा उत्तीर्ण भएकाहरूलाई पनि पुनः छनोट गरेर एकतिहाइ कामदारलाई मात्र रोजगारीको अवसर दिँदा हजारौं युवाहरू निराश हुनुपर्ने अवस्था छ। यद्यपि, कोरियाले भने अन्य स्रोत मुलुकको तुलनामा नेपालीहरूलाई बढी अवसर दिएको दाबी गर्दै आएको छ।

सन् २०२५ मा ११ हजार १७८ जना र २०२४ मा नौ हजार २८५ जना कोरिया गएको इपिएस शाखाको तथ्यांकमा उल्लेख छ। सन् २००८ यता एक लाख २५ हजारभन्दा बढीले कोरियामा रोजगारीको अवसर पाएका छन्। कोरियाको रोजगारीले विप्रेषण आप्रवाहमा ठूलो योगदान गरेको नेपाल राष्ट्र बैंकले बताउँदै आएको छ।

■■■

## तामाकोसीमा...

एकजनालाई सैनिक अस्पताल छाउनी लगिएको छ। घाइते हुनेमा रामेछापको मन्थली नगरपालिका-१२ की ३३ वर्षीया देवकी खड्का, सोही नगरपालिका-११ का ३१ वर्षीय सुशान्त थापा मगर, रामेछापकै उमाकुण्ड गाउँपालिका-५ का ५२ वर्षीय सोनामतेन्जी शेर्पा, छ वर्षीया निमा शेर्पा, रामेछापको लिखुतामाकोसी गाउँपालिका-४ का ७१ वर्षीय ओलकबहादुर थापा र रामेछापकै खाँडादेवी गाउँपालिका-३ का २१ वर्षीय समीर श्रेष्ठ रहेका छन्।

यस्तै, दोलखाको भिमेश्वर नगरपालिका-७ की १७ वर्षीया निलिमा तामाङ र ओखलढुंगाको खिजिदेम्वा गाउँपालिका-२ का ४५ वर्षीय जयबहादुर तामाङ पनि घाइते भएका छन्। बस दुर्घटनाको अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।


### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक २८१ माघ २६ गते २०८२ मा प्रकाशित **HR NEPAL SERVICES PVT. LTD.** को **Prestige Beauty Salon** कम्पनीको Lot No. 338618 को विज्ञापनमा **बहराइनमा रोजगार** र General Beautician को मासिक तलब BD: 150/ने.रु. ५७,५३५ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ।

HR NEPAL SERVICES PVT. LTD.
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, 9700699158, Email: hrnepalservices@gmail.com



### श्री डिभिजन वन कार्यालय कैलालीको सरकारद्वारा व्यवस्थित वनको काठ/दाउरा संकलन सम्बन्धी सूचना

(पहिलो पटक प्रकाशित मिति : २०८२/१०/२८)

डिभिजन वन कार्यालय कैलाली, अन्तर्गतको सब डिभिजन वन कार्यालय खैरालाको कार्यक्षेत्रमा पर्ने चूरे गा.पा-०४ बाटेगडा र सिताखाली राजीभुकुडास्थित सरकारद्वारा व्यवस्थित वन क्षेत्रमा रहेका ढलापडा सुख्खाखडा रुखहरू संकलन (कटान, मुछान, ढुवानी) तथा घाटगद्दी समेत गराउनका लागि स्वीकृत जिल्ला दर रेट (कैलाली) अनुसारको काठ दाउरा संकलन तथा घाटगद्दी कार्यको लागत ईस्टिमेट वमोजिम गोलिया काठ संकलन प्रति क्यु फि. रु. १५३९५ र दाउरा संकलन प्रति चट्टा रु. १६,८२७- र सब डिभिजन वन कार्यालय गोदावरिको कार्यक्षेत्रमा पर्ने गोदावरी २ तेघरी स्थित सरकारद्वारा व्यवस्थित वन क्षेत्रमा गोलिया काठ संकलन प्रति क्यु.फि. रु १५६।२५ र दाउरा संकलन प्रति चट्टा रु. १६,७५०- र गोदावरी ४ खुटिया स्थित दहत्तरबहत्तर गोलिया काठ संकलन प्रति क्यु फि. रु १५७३६ र दाउरा संकलन प्रति चट्टा रु. १६,७५०- घटाघट प्रकृयावाट ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले आन्तरिक राजश्व कार्यालयमा दर्ता भई स्थायी लेखा नं. (PAN) वा मू.अ.कर दर्ता नम्वर, आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाणपत्र भएका काठ सम्बन्धि व्यवसाय गर्न ईजाजत प्राप्त फर्म, कम्पनि वा व्यक्तिले पहिलो पटक सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्रौं) दिन दिनको ३ बजेभित्र डिभिजन वन कार्यलय कैलाली र वन निर्देशनालय धनगढी कैलालीवाट बोलपत्र खरिद गरि सिलवन्दी बोलपत्र १६ (सोह्रौं) औं दिन दिनको ३ बजेभित्र यस कार्यालयमा दाखिला गर्न हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरा संकलन तथा घाटगद्दी सम्बन्धि विस्तृत सूचना यस कार्यालयमा तथा सम्वन्धित अन्य कार्यालयहरूमा समेत टाँस गरिने व्यहोरा जानकारी गरिन्छ।



### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८१/०१/२८ मा दर्ता भएको **प्रा.लि. नं. ३३६०७८/०८०/०८१** को **ईडो नेपला प्रा.लि.** को मिति २०८२/१०/२८ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**



### युएइमा रोजगार

कम्पनी : PARAGON ELITE SECURITY SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/०७/१२ पुनः विज्ञापन स्वीकृति मिति : २०८२/१०/२७ LT. No. 332681 चलानी नं. ६०२४६५५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL HELPER/CLEANER | 28 | 0 | 1100 | ४३,३७६ | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guards | 30 | 0 | 1800 | ७०,९७९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ६ गते (18th Feb. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Alex Job Solution Pvt. Ltd.**
T okha-7, Kathmandu, Nepal, Tel: 01-4972961 Mobile: 98039634231
Mail: info@alexjobsolution.com, Web: www.alesjobsolution.com
श्रम ईजाजत नं. 1735/081/082



### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८२/१०/२८ गते

यस कम्पनीको मिति २०८२/१०/११ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **हिमालय ईङ्गलिस बोर्डिङ्ग स्कुल दाङ्ग**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/१३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **लुम्बिनी स्मार्ट स्कुल दाङ्ग (प्रा.लि.नं. ५०९०८)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।



### मलेशियामा रोजगार

**1. COSMO FORCE SDN. BHD., MALAYSIA** पुनः विज्ञापन
पुर्व स्विकृति मिति: 2025/11/14 चलानी नं. ६०२४७३८९ LT No. 333689

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 1700 | 62562 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

**2. MSB SECURITY SDN. BHD., MALAYSIA** पुनः विज्ञापन
पुर्व स्विकृति मिति: 2025/11/03 चलानी नं. ६०२४६७८५ LT No. 332566

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 25 | 1700 | 62562 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः २०८२/११/ ६ गते (18 February 2026) हुनेछ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को १ प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला। लागत खर्चः निःशुल्क

**युनाइटेड एच. आर. सोलुशन प्रा. लि.**
बालकुमारी पुल, कोटेश्वर ३५ काठमाडौं, फोनः ५१४७०६१ श्रम इजाजत पत्र नं.: ९५२/०६७/६८



### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८२/१०/२८ गते

यस कम्पनीको मिति २०८२/१०/०९ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **नमस्ते ए.टु जेड. प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/१८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **नमस्ते फ्रेट प्रा.लि. (प्रा.लि.नं. २१५२५६)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।



### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८२/१०/२८ गते

यस कम्पनीको मिति २०८२/१०/११ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **तुल्सिपुर साझा विशेषज्ञ हस्पिटल**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/१२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **तुल्सिपुर साझा हस्पिटल (प्रा.लि.नं. ३६९००९)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**बुधबार, २८ माघ, २०८२**

| | |
|---|---|
| **मेष** | साथिभाइहरूको सहयोग प्राप्त हुनेछ। माता सरस्वतीको स्तुति गर्नुहोला। |
| **वृष** | आर्थिक लाभ मिल्नेछ। माता लक्ष्मिको बिज मन्त्रको जप गर्नुहोला। |
| **मिथुन** | आत्मविश्वासमा वृद्धि हुनेछ। हरियो वस्त्रको प्रयोग गर्नुहोला। |
| **कर्कट** | यात्रामा अनावश्यक खर्च हुनेछ। कुबेरजिको ध्यान गर्नुहोला। |
| **सिंह** | मानसम्मानमा वृद्धि हुनेछ। सूर्य भगवानको ध्यान गर्नुहोला। |
| **कन्या** | कार्यक्षेत्रमा सम्मान बढ्नेछ। गणेशजिलाई दुबो चढाउनु होला। |
| **तुला** | धार्मिक र सामाजिक कार्यमा रुचि बढ्नेछ। माता जगदम्बाको ध्यान गर्नुहोला। |
| **वृश्चिक** | वादविवादबाट टाढै रहनुहोला। भगवान शिवजिको ध्यान गर्नुहोला। |
| **धनु** | प्रेम जीवन सुखद रहनेछ। पहेँलो वस्त्रको दान गर्नुहोला। |
| **मकर** | रोकिएका काम बन्नेछन्। गरिबलाई भोजन गराउनुहोला। |
| **कुम्भ** | रचनात्मक काममा मन जानेछ। आफ्ना कुल देवताको स्मरण गर्नुहोला। |
| **मीन** | परिवारमा सुखको माहोल रहनेछ। हनुमानजिको ध्यान गर्नुहोला। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२८ माघ, २०८२ (११ फेब्रुवरी, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४४.९२ | १४५.५२ |
| युरो | १ को | १७१.९३ | १७२.६४ |
| पाउन्ड स्टिर्लङ | १ को | १९७.३१ | १९८.१३ |
| स्विस फ्रैन्क | १ को | १८७.७९ | १८८.५७ |
| अस्ट्रेलियन डलर | १ को | १०१.८० | १०२.२२ |
| क्यानाडियन डलर | १ को | १०६.२० | १०६.६४ |
| सिङगापुर डलर | १ को | ११४.१४ | ११४.६१ |
| जापानी येन | १० को | ९.२६ | ९.२९ |
| चिनियाँ युआन | १ को | २०.९३ | २१.०२ |
| साउदी अरब रियाल | १ को | ३८.६४ | ३८.८० |
| कतारी रियाल | १ को | ३९.६५ | ३९.८१ |
| थाई भाट | ख १ को | ४.६४ | ४.६६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.४५ | ३९.६२ |
| मलेसियन रिङेट | १ को | ३६.८३ | ३६.९९ |
| दक्षिण कोरियन वन | १०० को | ९.८८ | ९.९२ |
| स्विडिस क्रोनर | १ को | १६.११ | १६.१८ |
| डेनिस क्रोनर | १ को | २३.०२ | २३.११ |
| हङकङ डलर | १ को | १८.५४ | १८.६२ |
| कुवेती दिनार | १ को | ४७४.३७ | ४७६.३३ |
| बहराइन दिनार | १ को | ३८४.४० | ३८५.९९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

# चुनावी सुरक्षाका लागि सतर्क रहन प्रधानमन्त्रीको निर्देशन



**काठमाडौं (प्रस)–** प्रधानमन्त्री सुशीला कार्कीले चुनावी सुरक्षामा कति पनि चुक्न नदिनेतर्फ सतर्क रहन सुरक्षा फौजलाई निर्देशन दिएकी छन् ।

महाशिवरात्रि तथा सेना दिवसको पूर्वसन्ध्यामा सैनिक मुख्यालय जंगी अड्डामा मंगलबारदेखि सुरु भएको पृतनापति समन्वयात्मक बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले विगतमा सुरक्षा संयन्त्रहरूबीच समन्वयमा कतै त्रुटि र रिक्तता भएका रहेछन् भने अब त्यो अवस्था दोहोरिन नदिन सुझाव दिइन् ।

प्रधानमन्त्री कार्कीले भनिन्, 'यस निर्वाचनलाई सुरक्षित तवरले सम्पन्न गर्न यसअधिका चुनावकोसमेत अनुभव र आसन्न चुनावका विविध आयामबाट विश्लेषण गरी सुरक्षा संवेदनशीलताका आधारमा सबै सुरक्षा निकायसँग समन्वय गरी त्रुटिरहित ढंगले काम गर्नुहोस् ।'

निर्वाचनलाई सुरक्षित वातावरणमा सम्पन्न गर्न नेपाल सरकारबाट स्वीकृत भएको 'प्रतिनिधिसभा सदस्य निर्वाचन एकीकृत सुरक्षा योजना, २०८२' अनुसार नेपाली सेनालाई प्राप्त जिम्मेवारीहरू उत्कृष्ट ढंगबाट सम्पादन गर्नेमा आफू पूर्णविश्वस्त रहेको प्रधानमन्त्री कार्कीले स्पष्ट पारिन् । जनतालाई सुरक्षाको प्रत्याभूति दिँदा तथा सबै राजनीतिक दलका राजनीतिक गतिविधिलाई बिनाअवरोध सञ्चालन गर्ने वातावरण सिर्जना गर्न आग्रह गर्दै उनले अन्य निकायसँगको सहकार्यमा स्पष्ट कार्ययोजनासहित अघि बढ्न निर्देशन दिइन् ।

नेपाली सेनाका विभिन्न विभाग, महानिर्देशनालय, निर्देशनालयका प्रमुखका साथै पृतनापतिहरूको सहभागिता रहेको उक्त बैठकमा प्रधानसेनापति अशोकराज सिग्देलले स्वागत गर्दै समग्र सुरक्षा व्यवस्थाको अवस्थाबारे जानकारी गराएका थिए । बैठकमा सहभागीहरूले आ-आफ्नो जिम्मेवारी क्षेत्रको वस्तुस्थिति, सम्पादन गरेका कार्यहरूको समीक्षा एवं सुझाव प्रस्तुत गर्नाका साथै समसामयिक विषयमा छलफल गर्ने सैनिक सूचना तथा जनसम्पर्क निर्देशनालयले जनाएको छ ।

# अख्तियारको मुद्दामा जनसवाल दैनिकका सम्पादक बगालेलाई सफाइ

**काठमाडौं (प्रस)–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले दायर गरेको भ्रष्टाचारसम्बन्धी मुद्दामा जनसवाल दैनिकका अध्यक्ष तथा सम्पादक रामजी बगालेले सफाइ पाएका छन् । विशेष अदालतले आरोप प्रमाणित हुने ठोस प्रमाण नभेटिएको ठहर गर्दै मुद्दामा प्रतिवादी बनाइएका एक जनाबाहेक सबै व्यक्तिहरू र संस्थाहरूलाई सफाइ दिने फैसला गरेको हो ।

अख्तियारले २०७८ माघ २० गते जनसवाल दैनिकमा फतुवा विजयपुर नगरपालिकासँग सम्बन्धित विज्ञापन प्रकाशित गरिएको दाबी गर्दै गैरकानुनी लाभ-हानि पुऱ्याउने बदनियतले भ्रष्टाचार गरिएको आरोप लगाएको थियो । सोही आरोपका आधारमा जनसवाल दैनिकका अध्यक्ष/सम्पादक बगाले, जनसवाल पब्लिकेसन्स प्रालि, रौतहटको फतुवा विजयपुर नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत शम्भुकुमार यादवसहित चार व्यक्ति र दुई कम्पनीलाई प्रतिवादी बनाइएको थियो ।

विशेष अदालतका अध्यक्ष एवं न्यायाधीश सुदर्शनदेव भट्ट र न्यायाधीश हेमन्त रावलको संयुक्त इजलासले मंगलबार सुनाएको फैसलामा जनसवाल दैनिकमा उक्त बोलपत्रसम्बन्धी विज्ञापन प्रकाशित भएको प्रमाण नदेखिएको, पत्रिकाले सो बापत कुनै भुक्तानी नलिएको, तथा पत्रिकाको नाम प्रयोग गरी अनधिकृत व्यक्तिले कार्य गरेको देखिएको उल्लेख गरेको छ ।

अदालतले फैसलामा सम्पादक बगालेले अख्तियार र अदालतसमक्ष दिएको बयान, मिसिल संलग्न प्रमाण तथा कागजातहरूको विश्लेषण गर्दा आरोप दाबीबमोजिमको कसुर पुष्टि नहुने ठहर गरेको छ । अनधिकृत व्यक्तिले पत्रिकाको प्रतिनिधि भएको भनी प्रस्तुत गरेको पत्रपत्रिकाको कार्यालयबाट जारी नभएको र विज्ञापन प्रकाशन भएको पुष्टि नहुने भएकाले प्रतिवादीहरूलाई दोषी ठहर गर्न नसकिने फैसलामा उल्लेख गरिएको छ ।

## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Public Relations Officer - 10 (M/F)
2. Manager - 1 (M/F)
3. Documentation - 2 (M/F)
4. Accountant - 1 (M/F)

नोटः +2 Passed, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा कम्तिमा २ वर्ष अनुभवी, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

★ तलबः आपसी समझदारीमा

★ आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ ।

श्रम ईजाजत नं. १३२८/०७४/७५

**EXCELLENT MANPOWER SERVICES PVT.LTD.**
Purano Baneshwor, Kathmandu, Nepal, Tel : +977 01 4536529, 4585517
E-mail : excellentdoucmentation@gmail.com, Website : www.excellentmanpowerservices.com.np

## साउदीमा रोजगार

कम्पनी : SINOPEC ENGINEERING GROUP SAUDI CO.,LTD

पूर्व स्वीकृति मिति : २०८१/०८/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/२७ | LT. No. 314825 | चलानी नं. ६०२२९०९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1500 | ५७,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 10 | 0 | 1500 | ५७,८३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन ६ गते (18th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १0,000 | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८

**All Skills International Human Resource Pvt.ltd.**
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542, +977 986-9422479
E-Mail : allskillsintl@gmail.com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/१०/२८**

**लिंकेज टुर्स एण्ड ट्राभल्स प्रा. लि.** को मिति २०८२/१०/१२ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **लिंकेज ट्राभल एण्ड ट्रेक्स प्रा. लि. (दर्ता नं. २७०३४२)** कायम गर्ने गरी मिति २०८२/१०/१९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## साउदीमा रोजगार

कम्पनी : NAMA LIMITED COMPANY

पूर्व स्वीकृति मिति : २०८२/१०/२७ | LT. No. 338718 | चलानी नं. ६०२५२१९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Cleaning Cum Office Boy | 2 | 0 | 1000 | ३८,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन ६ गते (18th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

(चावहिल काठमाडौं) को

### नाममा रहेको स्थीर सम्पत्ति लिलाम बिक्री सम्बन्धि १५ दिने शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

**प्रकाशित मिति : २०८२/१०/२८ गते बुधवार**

यस कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.(कुमारी बिल्डिङ्ग)चावहिल काठमाडौंको नाममा रहेको तपसिल बमोजिमको स्थीर सम्पत्ति घरजग्गा लिलाम बिक्री सम्बन्धि जे-जस्तो अवस्थामा छ सोही अवस्थामा यस कार्यालयले लिलाम बिक्री गर्नुपर्ने भएकोले निम्न शर्तहरू सहित लिलाम सकार गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरूबाट रीतपुर्वक शिलबन्दी बोलपत्र आवह्न गरिएकोछ ।

**तपसिल**

| क्र.सं. | संस्थाको नाममा रहेको स्थीर सम्पत्तिको बिवरण | बोलपत्र फारम दस्तुर |
|---|---|---|
| १. | काठमाडौं जिल्ला कामपा वडा नं. ७, नगर ७/ थ<br>नक्सा सिट नं. १०२१०६७१२<br>कित्ता नं. ३०० र ३०२<br>क्षेत्रफल : कि.न.३००को ०-१०-३-० र कि.न. ३०२ को ०-२-२-१ (कुल जम्मा क्षेत्रफल ०-१३-१-१ क्षेत्रफल) मा रहेको घरजग्गा र सो ले चर्चेको सम्पुर्ण लिगलिगापात समेत । | रु.५००/ |

**लिलामका शर्तहरू:**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस संस्थाको मुख्य कार्यालय चावहिल, काठमाडौंबाट रु.५००/-(अक्षरूपी पाँच सय रूपैयामात्र) पछि फिर्ता नहुने गरी तिरी प्राप्त गर्न सकिनेछ ।

२) शिलबन्दी बोलपत्रमा भागलिन इच्छुक व्यक्ति तथा संस्थाले मिति २०८२ साल फागुन १३ गते दिनको ३:००बजे भित्र मुख्य कार्यालय चावहिल, काठमाडौंमा दर्ता भै सक्नुपर्ने छ ।

३) शिलबन्दी बोलपत्र २०८२ साल फागुन १४ गते बिहिवार दिनको २:००बजे मुख्य कार्यालय चावहिल, काठमाडौंमा बोलपत्रदाता हरू वा निजले लिखित रूपमा नियुक्तगरेको प्रतिनिधिहरू र अन्य पदाधिकारी हरूको रोहवरमा शिलबन्दी बोलपत्र खोल्ने कार्य सुरु गरीनेछ । बोलपत्र दाताहरू वा निजको प्रतिनिधी समेत उपस्थित नभयमा पनि शिलबन्दी बोलपत्र खोल्ने कार्यमा बाधा पर्नेछैन । उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खूलेको दिनमा सोहि स्थान र समयमा उक्त कार्य हुनेछ ।

४) बोलपत्र स्वीकृत भएमा कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेखगरी कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत धरौटी रकम नगद वा संस्थाको नाममा जारी गरीयको Good For Payment गरीएको A/C Payee चेक वा बैंक भौचरको सक्कल प्रति बोलपत्र स्वीकृत हुना साथ पेश गर्नपर्ने छ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति नामसारी गर्दालाग्ने सम्पुर्ण खर्च समेत सकार गर्ने व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले व्यहोर्नु पर्नेछ । तोकिएको म्याद भित्र रकम जम्मा गरी आफनो नाममा सम्पत्ति नामसारी गरी नलिएमा धरौटि रकम फिर्ताहुने छैन ।

५) शिलबन्दी बोलपत्र पेशगर्ने व्यक्तिको हकमा निजले नागरीकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, फर्म, संगठित संस्था वा कम्पनिले संचालक समितिको निर्णयको प्रतिलिपी, इजाजत प्राप्त दर्ता प्रमाण पत्रको प्रतिलिपी, मु.अ.क. वा आय कर दर्ता प्रमाण पत्रको प्रतिलिपी को साथै अख्तीयारी प्राप्त व्यक्तिको नागरीकता तथा संस्थागत परिचयपत्र पेश गर्नुपर्ने छ ।

६) कुनै शर्त राखी पेशगरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत रद्ध हुनेछ ।

७) लिलाम सम्पत्तिको निरीक्षण गर्नचाहेमा शिलबन्दी बोलपत्र पेशगर्नु अगावै कार्यालय समय भित्र यस संस्थाको मुख्य कार्यालय कुमारी बिल्डीङ्ग चावहिल काठमाडौंमा सम्पर्क राखि सम्पत्ति निरीक्षण गर्न सकिनेछ ।

८) कुनै कारण खुलाइ वा नखुलाई शिलबन्दी बोलपत्र स्वीकृत, अस्वीकृत वा स्थगित गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ

९) अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख गरीएबमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम मिति :- २०८२/११/ १३ गते बुधवार**
**शिलबन्दी बोलपत्र खोल्ने मिति :- २०८२/११/ १४ गते बिहिवार (सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट)**
**स्थान : संस्थाको मुख्य कार्यालय चावहिल मा**
**समय : दिउँसो २:०० बजे**
**विस्तृत जानकारीको लागि**
**कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.(चावहिल)-७, काठमाडौं ।**
**फोन नं.:** ०१-४५७८००६, ४५६५१०२, ४५६५२५६, ४५६५२७४ **मा सम्पर्क गर्नुहोला ।**

## ऋण चुक्ता तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३५ दिने गोप्य शिलबन्दि बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/१०/२८**

यस संस्थाको तपसिलमा उल्लेखित तपाईको ऋण भाखा भित्र नतिरी संस्थाबाट पटक-पटक भएको मौखिक एवम् लिखित तर-ताकेता गर्दा पनि ऋण भुक्तानीको लागि पहल नगरी आलटाल गरी बस्नु भएकोले संस्थामा ऋण तिर्न बुझाउनका लागि यो ३५ दिने धितो लिलाम सम्बन्धमा सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र संस्थामा तिर्न बुझाउन पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण लिंदाको बखत संस्थामा गरेको ऋण तमसुक शर्त कबुलियतनामा बमोजिम तपाईले संस्थाको नाममा लेखाएर दिएको (दृष्टिबन्धक रोक्का) धितो लिलामीको प्रक्रिया अपनाएर धितो लिलामी गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा जानकारी गरिन्छ । साथै संस्थाको साँवा, व्याज र हर्जना असुलीको सिलसिलामा उक्त कार्य सम्पन्न गर्ने क्रममा आएका अन्य खर्च समेत तपाईबाट लेना रकम सरह असुल उपर गर्ने व्यहोरा पनि जानकारी गराउदछौं । सो प्रक्रियाबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा धनजमानत दिनेको घर-घराना, चल-अचल सम्पत्तिबाट प्रचलित कानुन-बमोजिम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित ऋणी तथा धन जमानीलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

| क्र.सं. | ऋणीको तीनपुस्ते विवरण | जमानत दिनेको विवरण | धितोको बिवरण |
|---|---|---|---|
| १ | **नाम : दावा लामा तामाङ्ग**<br>बुबा : टासी लामा तामाङ्ग<br>बाजे : यो लामा तामाङ्ग<br>ठेगाना : तिप्लिङ्ग-०९, धादिङ्ग | **नाम : आईत घले**<br>बुबा : मान घले<br>बाजे : दावा घले<br>ठेगाना : रुबी भ्याली-०१, धादिङ्ग | दोरदोर-४ तनहु<br>वडा नं ०४ ख<br>कि.न. १९३<br>क्षेत्रफल : १२-९-१-१ |

**लिलामी तालिका**

**मिति** : २०८२ चैत्र ३ गते मंगलबार
**स्थान** : संस्थाको कार्यालय
**समय** : बिहान ११:०० बजे दिउसो ३:०० बजे सम्म
**प्रतिनिधि उपस्थित हुने समय** : दिउसो ३:०० बजे

**धितो लिलामीका शर्तहरू:**

१. धितो लिलाम संस्थाले प्रकाशित गरेको ३५ दिने सार्वजनिक सूचना बमोजिम तोकिएको दिन हुनेछ । उक्त दिन सार्वजनिक बिदा परेमा विदा परेको दोस्रो दिन गरिनेछ ।
२. लिलाम बिक्री सकार गर्ने व्यक्तिले आफुले लिलाम सकार गर्ने रकमको १०% (दश) प्रतिशत रकम संस्थामा धरौटी स्वरूप अनिवार्य रूपमा दाखिला गर्न पर्नेछ । दाखिला नगरेमा लिलाम सकार गरेको मानिने छैन ।
३. सर्त नं.२ बमोजिम दाखिला गरेको (दश) प्रतिशत रकम बाहेक बाँकी हुन आउने रकम लिलाम सकार भएको मितिले सात दिन भित्र संस्थाको बैंक खातामा दाखिला गरेको प्रमाण पेश गर्नु पर्नेछ तर उल्लेखित सात दिन भित्रमा बाँकी रकम दाखिला नगरेका सर्त नं.२ बमोजिम धरौटी बापत जम्मा गरेको रकम जफत भई लिलाम बिक्री सकार गरेका सम्पत्ति दा.खा. नामसारी गरिने छैन ।
४. लिलाम बिक्री सकार भएको सम्पत्ति सम्बन्धित मालपोत कार्यालयबाट दा.खा. नामसारी गर्न लाग्ने सम्पूर्ण खर्च तथा दस्तुर लिलाम सकार गर्ने व्यक्ति, संघ संस्थाले तिर्नु व्यहोर्नु पर्नेछ ।
५. कुनै विशेष कारणले तथा ऋणीले रकम चुक्ता गरेमा लिलाम स्थगित गर्ने अधिकार संस्थामा निहित हुनेछ ।
६. लिलाम बिक्रीको बारेमा विस्तृत जानकारी संस्थाबाट प्राप्त गर्न सकिनेछ ।

**वचन बचत तथा ऋण सहकारी संस्था लि.**
डिल्लीबजार, काठमाडौं, फोनः ०१-४४३५७७९, ०१-४४३४३२०
Email: savingbachan@gmail.com, Web: www.bachansaving.com

## मुक्तिनाथ कृषि कम्पनी लि.
## MUKTINATH KRISHI COMPANY LTD.

An Associate Company of Muktinath Bikas Bank

Basundhara Ringroad, Kathmandu Nepal
Tel: +977-1-4950097
Email: info@muktinathkrishi.com
Web: www.muktinathkrishi.com

### Unaudited Financial Results (Quarterly)

2nd Quarter of financial Year 2082/83

#### Quarterly Statement of Financial Position

As at 30th Poush 2082 (14th January 2026) — Amount in Rs

| Particulars | MKCL This Quarter Ending (30th Poush, 2082) | MKCL Previous Quarter Ending (31st Ashwin 2082) |
|---|---|---|
| **ASSETS** | | |
| **Non-Current Assets** | | |
| Property, Plant and Equipments | 182,108,355 | 169,711,236 |
| Biological Assets | 115,000 | 115,000 |
| Intangible Assets | 6,991,812 | 6,991,707 |
| Trade and Other Receivables | - | - |
| Investment | 226,871,114 | 227,863,975 |
| **Total Non-Current Assets** | **416,086,280** | **404,681,918** |
| **Current Assets** | | |
| Inventories | 145,511,274 | 189,097,203 |
| Trade Receivables | 585,978,491 | 680,887,703 |
| Other Receivables | 94,463,340 | - |
| Income Tax Assets | 10,528,367 | 7,804,200 |
| Prepayments/Advances and Deposits | 2,116,214 | 2,899,407 |
| Cash & Cash Equivalents | 12,980,426 | 19,208,914 |
| Deferred Tax Assets | 26,649,737 | 26,649,737 |
| **Total Current Assets** | **878,227,849** | **926,547,165** |
| **Total Assets** | **1,294,314,129** | **1,331,229,083** |
| **EQUITY AND LIABILITIES** | | |
| Equity | | |
| Equity Share Capital | 756,000,000 | 700,000,000 |
| Other Equity | 65,832,472 | 118,060,268 |
| **Total Equity** | **821,832,472** | **818,060,268** |
| **Liabilities** | | |
| **Non-Current Liabilities** | | |
| Deferred Tax Liabilities | - | - |
| **Total Non-Current Liabilities** | **-** | **-** |
| **Current Liabilities** | | |
| Trade and Other Financial Liabilities | 314,967,166 | 393,875,357 |
| Provisions | 6,358,131 | 6,358,131 |
| Provsion for Income Tax | - | 14,773,315 |
| Short Term Loan | 151,156,360 | 98,162,012 |
| **Total Current Liabilities** | **472,481,657** | **513,168,815** |
| **Total Equity and Liabilities** | **1,294,314,129** | **1,331,229,083** |

#### Quarterly Statement of Profit or Loss

For the period ended As at 30th Poush 2082 (14th January 2026) — Amount in Rs

| Particulars | MKCL This Quarter Ending (30th Poush, 2082) | MKCL Previous Quarter Ending (31st Ashwin 2082) |
|---|---|---|
| Revenue from Operations | 290,893,257 | 166,033,638 |
| Less: Cost of Goods Sold | 234,127,730 | 133,998,322 |
| **Gross Profit** | **56,765,527** | **32,035,316** |
| Other Income | 7,092,072 | 10,638 |
| **Total Income** | **63,857,599** | **32,045,954** |
| **Operating Expenses** | | |
| Personnel Expenses | 23,627,600 | 12,041,992 |
| Other Operating Expenses | 12,618,947 | 4,748,721 |
| Financial Expenses | 5,738,757 | 2,043,525 |
| Depreciation and Amortisation Expenses | 4,145,556 | 2,204,550 |
| **Total Operating Expenses** | **46,130,860** | **21,038,788** |
| Non Operating (Income)/Expenses | - | - |
| **Total Expenses** | **46,130,860** | **21,038,788** |
| **Profit before Income Tax** | **17,726,739** | **11,007,167** |
| **Tax Expenses** | | |
| Current Tax | - | - |
| Deferred Tax | - | - |
| **Total Tax Expenses** | **-** | **-** |
| **Profit for the Period** | **17,726,739** | **11,007,167** |
| Basic Earning Per Share (EPS) | 2.34 | 1.57 |

धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित अनुसुची १४ सँग सम्बन्धित)

**मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको आर्थिक वर्ष २०८२/०८३ को दोश्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदनः**

**१. वित्तीय विवरणः**
कम्पनीको हिसाव किताबको लेखाँकन अनुसार आर्थिक वर्ष २०८२/०८३ को कार्तिक १ देखि पौष ३० सम्मको आर्थिक विवरण निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण :**
आर्थिक वर्ष २०८२/०८३ को कम्पनीको दोश्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको वित्तिय विवरण अनुसुची १ मा प्रस्तुत गरिएको छ । साथै, त्रैमासिक अवधिमा सम्बन्धित पक्षहरु बीच कम्पनीको नियमति व्यवसायिक कारोबार बाहेक अन्य कुनै कारोबार भएको छैन ।

**(ख) न्यूनतम रुपमा प्रमुख वित्तीय अनुपातहरु जस्तैः प्रति शेयर आम्दानी, P/E ratio, प्रति शेयर नेटवर्थ, प्रति शेयर कुल सम्पत्तिको मूल्य, तरलता अनुपात सम्बन्धी विवरण :**

| विवरण | चालू आर्थिक वर्षको दोश्रो त्रैमाससम्म (अपरिस्कृत) | अघिल्लो त्रैमासिक अन्त्यसम्म (लेखापरीक्षण नभएको) |
|---|---|---|
| ऋण पुँजीको अनुपात | १९.९९% | १४.०२% |
| प्रति शेयर कमाई (वार्षिक) | ४.६९ | ६.२९ |
| प्रति शेयर नेटवर्थ | १०८.७१ | ११६.८७ |
| प्रति शेयर बजार मूल्य (अन्तिम मूल्य) | १३६८ | १४५६ |
| मूल्य/आम्दानी अनुपात | २९१.७१ | २३१.४९ |
| सम्पतिमा प्रतिफल | १.३७% | ०.८३% |
| पुँजीमा प्रतिफल | २.१६% | १.३५% |
| चालू अनुपात | १.८६ | १.८१ |

**२. व्यवस्थापकीय विश्लेषणः**

**(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरणः**
कम्पनीको विक्रिको अवस्था बमोजिम खरीद व्यवस्थापन गरी व्यवसाय गरेको कारण त्रैमासिक अवधिमा कम्पनीको मौज्दात अघिल्लो त्रैमासिकको तुलनामा घटेको छ । त्यस्तै, उपलब्ध वस्तु तथा सेवाहरुको मुख्य मौसम नभएको कारण अघिल्लो त्रैमासिकको तुलनामा जम्मा आम्दानी घटेको छ । जेनजी आन्दोलन लगायत समग्र बजारको अवस्थाको कारण तरलता व्यवस्थापनमा सामान्य चाप सिर्जना भएको छ ।

**(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरणः**
विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको कार्यक्रमहरुमा सहभागिता, शुरु भएका परियोजनाहरु व्यवसायमा रुपान्तरण, गहुँ बालि भित्राउने प्रविधिहरु र सेवा व्यवसायको वृद्धिको कारण आगामी त्रैमासिक अवधिमा व्यवसाय र नाफादरमा वृद्धि हुने देखिन्छ ।

**(ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरणः**
फाल्गुन २१ गतेको लागि तोकिएको प्रतिनिधि सभाको निर्वाचन, सरकारी तथा गैरसरकारी कार्यक्रमहरु अनुसार बजेट कार्यान्वयनको अवस्था, समग्र बजारको अवस्था इत्यादिको कारण मौज्दात, नाफा तथा नगद प्रवाहमा तात्विक असर गर्न सक्दछ, जसलाई सन्तुलनमा राख्न कम्पनीले विभिन्न व्यवसायिक रणनीतिहरु तथा कार्ययोजना तय गरेको छ ।

**३. कानूनी कारबाही सम्बन्धी विवरण**

**(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भएः**
- आ.व. २०८२/८३ को दोश्रो त्रैमासिकमा यस कम्पनीले कुनै व्यक्ति वा संस्थालाई मुद्दा दायर गरेको छैन ।
- आ.व. २०८२/८३ को दोश्रो त्रैमासिकमा यस कम्पनी विरुद्ध कुनै पनि व्यक्ति वा संस्थाले मुद्दा दायर गरेको जानकारी प्राप्त भएको छैन ।

**(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भएः**
- संस्थालाई यस बारेमा कुनै सुचना तथा जानकारी प्राप्त नभएको ।

**(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए,**
- आ.व. २०८२/८३ को दोश्रो त्रैमासिकमा कम्पनीको कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी कम्पनीलाई प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषणः**

**क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणाः**
यस कम्पनीको शेयरहरु नेपाल धितोपत्र बोर्डको रेखदेखमा खुल्ला बजारले तय गरेको मूल्य बमोजिम नियमित रुपमा कारोबार भइरहेको छ ।

**(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्याः**

| कारोबार मूल्य: अधिकतम मूल्य | कारोबार मूल्य: न्यूनतम मूल्य | कारोबार मूल्य: अन्तिम मूल्य | कुल शेयरको कारोबार दिन र संख्या: कारोबार भएको कुल दिन | कुल शेयरको कारोबार दिन र संख्या: जम्मा कारोबार संख्या | कुल शेयरको कारोबार दिन र संख्या: कुल कारोबार शेयर संख्या |
|---|---|---|---|---|---|
| १६१६.८० | १३३३ | १३६८ | ५५ | ५,७७४ | ३,१०,७९९ |

**५. समस्या तथा चुनौतीः**

**(क) आन्तरीक समस्या तथा चुनौतीहरुः**
कम्पनीले आ.व. २०८२/८३ को दोश्रो त्रैमासिकमा सुचनात्मक प्रकृतिका आन्तरीक समस्या तथा चुनौतिहरुको सामना गर्नुपरेको छैन । तथापी व्यवसायिक क्षमता विकास गर्नुपर्ने चुनौतीहरु रहेका छन ।

**(ख) वाह्य समस्या तथा चुनौतीहरुः**
जेनजी आन्दोलन पछिको बजारको अवस्था, चाडपर्व र कृषि उत्पादनका साधनहरु विक्रि गर्ने मुख्य सिजन नभएको कारण व्यवसाय विस्तारको क्षेत्रमा उल्लेख्य वृद्धि हुन सकेको छैन ।

**(ग) रणनीतिहरुः**
उल्लेखित समस्या तथा चुनौतीहरुलाई न्यूनिकरण गर्नको लागि देहायबमोजिमका रणनीतिहरुको विकास गरेको छ ।
अ. औद्योगिक कच्चा पद्धार्थ तथा किसानका उत्पादनहरुको खरीदविक्रिको शुरुवात ।
आ. गैरसरकारी संस्थाहरुसंगको साझेदारीमा सेवा व्यवसायको विकास र विस्तार ।
इ. परियोजनामा आधारीत व्यवसायहरुको वृद्धि ।

**६. संस्थागत सुशासनः**
कम्पनीले संस्थागत सुशासन कायम गर्नको विभिन्न किसिमका नीतिनियम, निर्देशिका तथा कार्यविधिहरु निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन गरेको छ । संचालक समितिको नियमित बैठक, संचालकहरुको नेतृत्वमा लेखा परीक्षण समिति सहित विभिन्न समितिहरु मार्फत आन्तरीक नियन्त्रण गर्ने अभ्यास अवलम्बन तथा योजना र मागमा आधारीत खर्च गर्ने प्रणालीको अवलम्बन गरेको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषणः**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तर दायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## दोषी उम्काउने मेसो

**कांग्रेस–एमालेको तालमेलमा बनेको सरकारको कामप्रति जनता आक्रोशित थिए । जनताले सुशासन खोजेका थिए । भ्रष्टाचारको अन्त्यको माग गरेका थिए । यसैबारे जनताले सामाजिक सञ्जालमा बोल्न थालेका थिए, लेख्न थालेका थिए । तर त्यही बेला विभिन्न बहाना बनाएर सरकारले सामाजिक सञ्जाल बन्द गराए । नागरिक सरकारसँग रिसाए । फलस्वरूप आक्रोश सडकमा पोखियो । भदौ २३ गते जेन–जी विद्रोह भयो । सोही क्रममा नयाँ बानेश्वरस्थित संसद् भवन अगाडि प्रहरीको गोलीबाट १९ युवाले ज्यान गुमाए ।**

**युवाहरूलाई गोली हानेसँगै सरकारको नेतृत्व गरिरहेको कांग्रेस–एमालेका नेताहरूले धमाधम राजीनामा दिए । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले पनि राजीनामा दिए । जनताको आक्रोश यति बढ्यो कि भोलिपल्ट देशभरका प्रमुख प्रशासनिक केन्द्रहरूमा आगो लाग्यो । नेताहरूको घरमामा आगजनी र तोडफोड भयो ।**

**यो घटनालगत्तै धेरैले तत्कालीन प्रधानमन्त्री ओली र गृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्न सामाजिक सञ्जालमा अभियान नै चलायो । तर यही नेताहरू अहिले चुनावी सभाहरूमा देखिन थालेका छन् । ओली झापा–५ बाट प्रत्यासी बनेका छन् । जेन–जी विद्रोहमा त्यतिबेला सत्तामा भएका दलहरूले घुसपैठ भएको दाबी गर्दै आएको छ । तर सडकले देखेको तत्कालीन सरकार नै हो दोषी । यो विषयको सत्यतथ्य पत्ता लगाउन सुशीला कार्की नेतृत्वको सरकारले पूर्व न्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा जाँचबुझ आयोग गठन गर्‍यो ।**

**यो आयोगले शुरुमा त अपराधीको कठालो तत्कालै समाउँला झैं गरी काम गरेको थियो । तर हिजोआज भने आयोग बेपत्ता भएजस्तै देखिएको छ । अझ यो प्रतिवेदनमा सत्यतथ्य नै नआउने आशंकासमेत बढेको छ । किन भने यही घटनाको दोषी पत्ता लगाउन भन्दै गठन भएको जाँचबुझ आयोगको म्याद थपेको थप्यै गरेको छ । सोमबारमात्र सरकारले यसको म्याद पुनः २५ दिन थप गरेको छ ।**

**सरकारले असोज ५ गते पूर्व न्यायाधीश कार्कीको नेतृत्वमा तीन सदस्यीय शक्तिशाली आयोग गठन गरेको थियो । उक्त आयोगलाई शुरुमा तीन महिनाको म्याद दिइएको थियो । पुस ३ गते सरकारले आयोगको म्याद एक महिना थप्यो । त्यसैगरी माघ ८ गते २० दिन थप्यो । त्यो म्याद आज बुधबार सकिँदै थियो । आयोगले केही काम बाँकी नै रहेको जनाए पछि सरकारले तेस्रोचोटि सोमबार २५ दिन म्याद थपेको हो । निर्वाचन भाँड्न नदिने सरकारले सम्झौता गरेको बताइए पनि म्याद थपेर दोषी उम्काउने खेल खेलिरहेको प्रस्टै देखिन्छ ।**

# निर्वाचनमा मतदाताको जिम्मेवारी र भूमिका



❑ कृष्णहरि बास्कोटा

"आगामी फागुन २१ गते प्रतिनिधिसभाका सदस्यहरूका लागि हुन गइरहेको प्रत्यक्ष र समानुपातिक निर्वाचनका लागि निर्वाचन आयोग र सरकारले विशेष पहल गरिरहेको छ । यसमा सघाउनु आम नागरिकको कर्तव्य हो । यथार्थमा निर्वाचनको कार्य आयोग, उम्मेदवार र राजनीतिक दलका लागिमात्रै नभई आम मतदाताका लागि पनि हो । लोकतन्त्रको प्राण नै निर्वाचन हो ।"

आगामी फागुन २१ गते प्रतिनिधिसभाका सदस्यको निर्वाचन हुँदै छ । नेपालको वर्तमान संविधानको धारा, २४५ र २४६ मा निर्वाचन आयोगको गठन र काम कर्तव्यबारे उल्लेख छ । यो संवैधानिक आयोग हो । यो सरकार मातहतको निकाय नभएर अधिकार सम्पन्न स्वतन्त्र निकाय हो । यसले स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्सनीय निर्वाचन गराउँछ ।

यसर्थ, १८ वर्ष उमेर पुगेका आम मतदाताले निर्वाचन आयोगले सम्पन्न गराउने निर्वाचनमा सहभागी भई नागरिकको कर्तव्यपालना गर्नुपर्छ । निर्वाचन आयोगको मुख्यालय काठमाडौंमा छ । सातै प्रदेश र ७७ वटै जिल्लामा यसका कार्यालयहरू छन् । यसर्थ, आफूलाई द्विविधा भएको विषयमा ती कार्यालयमा सम्पर्क राख्न सकिन्छ ।

आयोगले सञ्चालन गरेको 'कल सेन्टर' र आयोगको 'वेबसाइट'बाट पनि भरपुर सूचना हासिल गर्न सकिन्छ । आगामी फागुन २१ गते प्रतिनिधिसभाका २७५ जना सदस्य छनोटका लागि निर्वाचन हुँदै छ । यसमा ७७ जिल्लाबाट १६५ जना प्रत्यक्षरूपमा निर्वाचित हुन्छन् भने ११० जना समानुपातिक निर्वाचनबाट निर्वाचित हुने कानुनी व्यवस्था छ । यसरी हामी मतदाताले एकै पटक प्रत्यक्ष र समानुपातिक गरी दुईवटा मतपत्रमा आफ्नो मत हाल्नुपर्छ ।

प्रत्यक्षतर्फको मतदानबाट सर्वाधिक मत ल्याउने उम्मेदवार विजयी हुन्छन् तर समानुपातिकतर्फ राजनीतिक दलको चुनाव चिह्नमा मत खसाएपछि सोको राष्ट्रियस्तरमा मतगणना भई मत संख्याका आधारमा समानुपातिकतर्फका उम्मेदवार निर्वाचित हुन्छन् । यसरी हामी मतदाताले एउटा मतपत्रमा प्रत्यक्षतर्फ मतदान गरी आफूले मतदान गरेको उम्मेदवार विजयी भए वा पराजित भए भनी मत गणनापछि जानकारी पाउँछौं । समानुपातिकतर्फको मतदानबाट कुन उम्मेदवार विजयी भए वा कुन उम्मेदवार पराजित भए भनी मतदातालाई प्रत्यक्ष जानकारी हुँदैन । तर, निर्वाचनपछि निर्वाचन आयोगले कुन दलबाट को-को समानुपातिक उम्मेदवार विजयी भए भनी जानकारी गराउँछ । यसरी प्रत्यक्ष निर्वाचनबाट हामी मतदाताले व्यक्तिको छनोट गर्दछौं भने समानुपातिक मतदानबाट राजनीतिक दलको छनोट गर्दछौं भनी हेक्का राख्नुपर्छ ।

नेपालको नागरिकताको प्रमाणपत्र भएको व्यक्ति १८ वर्ष पूरा भएपछि निर्वाचन आयोगको प्रक्रियाअनुसार मतदाता नामावलीमा सूचीकृत हुनुपर्छ । यसपछि आफ्नो फोटोसहितको मतदाता परिचयपत्र बन्छ । आगामी फागुन २१ गतेको निर्वाचनमा मतदान गर्न जाँदा सोही परिचयपत्र लिएर जानुपर्छ । सामान्यतः मतदान गर्न जाँदा नागरिकताको प्रमाणपत्र, लालपुर्जा, सवारीचालक अनुमतिपत्र, आफू कार्यरत कार्यालयको परिचयपत्र वा राहदानी लिएर जानु पर्दैन ।

निर्वाचन आयोगले जारी गरेको मतदाता परिचयपत्र समयमै खोजेर ठिक्क पार्नुपर्छ । तर मतदाता नामावलीमा नाम समावेश भएको र कुनै कारणवश मतदाता परिचयपत्र फेला नपरेमा माथिका पाँचवटामध्ये कुनै एउटा कागजातको सक्कलै लिएर जाँदा मतदान गर्न पाइने व्यवस्था छ । यस्ता कुराको जानकारीका लागि निर्वाचन आयोगले मतदाता जागरण कार्यक्रम सञ्चालन गर्छ । यसमा सहभागी भई निर्वाचनसम्बन्धी अधिक कुरा जान्नुपर्छ । यस्तो कार्यक्रममा सहभागी हुन नसके निर्वाचन आयोगको वेबसाइटबाट पनि आवश्यक सूचनाहरू संकलन गर्न सकिन्छ ।

निर्वाचनको दिन सवारीसाधन चलाउन पाइन्न । सो दिन सार्वजनिक यातायात सञ्चालन हुँदैन । यसर्थ, आफ्नो मतदान केन्द्र कहाँ परेको छ भनी मतदान हुनु पहिल्यै जानकारीमा राख्नुपर्छ । मतदान गर्ने समय बिहान ८ बजे आरम्भ भई बेलुकी ५ बजे समाप्त हुन्छ । यसर्थ, समयमै मतदाता परिचयपत्र लिएर मतदान केन्द्रमा पुग्नुपर्छ । त्यहाँ सर्वप्रथम आफ्नो नाम भिडाउनुपर्छ । महिला र पुरुषको लाइन भिन्दाभिन्दै हुन्छ । मतदानस्थलमा प्रवेश गर्ने द्वार र बाहिरिने ढोका फरक हुन्छ ।

मतदान केन्द्रको वरिपरि होहल्ला गर्न निषेध हुन्छ । यसर्थ, मतदान गरिसकेपछि निवासमै फर्किनुपर्छ । मतदान गर्नुपूर्व औंलामा मसी लगाएर मतपत्र प्राप्त हुन्छ । सो मतपत्रमा निर्वाचन आयोगले दिएको स्वस्तिक छाप लगाई मसी लतपत नहुनेगरी पट्याएर बाकसमा खसाल्नुपर्छ । आफूले मतदान गरेको कसैले पनि देख्दैनन् । त्यहाँ सिसी क्यामरा जडान भएको हुँदैन तर मतपत्र भने सबैले देख्ने गरी बाकसमा खसाल्नुपर्छ । यी सबै कार्यको फोटो खिच्न निषेध हुन्छ । यसर्थ, मतदानस्थलमा मतदाता परिचयपत्रको अलावा अन्य अनावश्यक सामग्री साथमा लिएर जानु हुँदैन । मतदानस्थलमा जाँदा आफूलाई मन परेको उम्मेदवार वा राजनीतिक दलको प्रचार हुने लुगा लगाउन वा कुनै प्रकारको संकेत गर्न पाइन्न । यसरी हरेक मतदाताले सभ्य नागरिकको परिचय दिन पछि पर्नु हुँदैन ।

मतदान केन्द्रमा पूर्णत सुरक्षा प्रदान गरिएको हुन्छ । त्यहाँ स्वयंसेवक खटिएका हुन्छन् । साथै, उम्मेदवारका प्रतिनिधि पनि हुन्छन् । निर्वाचनमा खटिएका कर्मचारीसमेत हुने हुँदा आवश्यक सहयोग लिन सकिन्छ । निर्वाचनमा कुन उम्मेदवार र राजनीतिक दल छान्ने भन्ने आफ्नो नैसर्गिक अधिकार हो । यसमा विवेक पुर्‍याएर मतदान गर्नुपर्छ । मतपत्रमा स्वस्तिक चिह्न प्रयोग गर्दा आफ्नो मत बदर नहुनेगरी ध्यान पुर्‍याएर छाप हान्नुपर्छ । गोप्य मतदान केन्द्रमा हडबड नगरी समय लिनुपर्छ । यसमा कुनै समयसीमा तोकिएको छैन । मतदान गरेपछि वा गर्नुअघि आफन्त वा चिनजानका व्यक्तिसँग मतदानका विषयमा छलफल गर्न सकिन्छ । तर, मेरो मत यस उम्मेदवारमा जान्छ वा यस उम्मेदवारलाई मतदान गरेँ भनी सार्वजनिक रूपमा प्रकट गर्नु पर्दैन । यो भने पनि पुष्टि गर्ने आधार कसैसँग पनि हुँदैन । कारण स्वस्तिक चिह्न प्रयोग गरेको मतपत्र सार्वजनिक गर्न पाइन्न । मतपत्रमा स्वस्तिक चिह्न हानेपछि सोको फोटो खिच्न पनि पाइन्न । यी सबै कुरा आचारसंहिताभित्र पर्दछन् ।

यहाँनेर एउटा प्रश्न उठ्छ, मतदान किन गर्ने ? सबै मतदान गर्न जाँदैनन्, म पनि नगए के फरक पर्ला ? यो गम्भीर प्रश्न हो । आम मतदाताले संविधान र कानुन एवं असल नागरिकको कर्तव्य भुल्नु हुँदैन । वर्तमान नेपालको संविधानले मुलुकको सार्वभौमसत्ता नेपाली जनताको काँधमा सुम्पिएको छ । यो भनेको आफ्नो शासन आफैंद्वारा आफैंलाई गर्ने हो । यस खातिर प्रतिनिधिसभालगायतको निर्वाचन हुन्छ । आगामी फागुन २१ गते प्रतिनिधिसभाका सदस्यहरूको निर्वाचन हुँदै छ । सो प्रतिनिधिसभाबाट प्रधानमन्त्रीको नियुक्तिका लागि मतदान हुन्छ । यसरी मुलुकको शासन सञ्चालनको जिम्मेवारी लिने जनप्रतिनिधिको छनोटमा हामी सबै सहभागी हुनुपर्छ । यो हरेक बालिग नागरिकको कर्तव्य हो ।

निर्वाचनमा हुने फजुल खर्च हुने गरेको छ । यसमा सर्वसाधारण सजग हुनुपर्छ । राजनीतिक दल र उम्मेदवारको गतिविधिले घरभाडा वृद्धि हुन्छ । निर्वाचनको मुखमा अनावश्यक भ्रमण गर्दा यातायातको भाडा दर महँगो हुनसक्छ । यस बखत होटलका कोठा, रेस्टुरेन्ट र मोटर भाडा पनि महँगिन्छ । यसर्थ, आन्तरिक पर्यटनमा निस्किँदा यी कुराको पनि ख्याल गर्नुपर्छ । निर्वाचनको समयमा खाना, खाजा, माछा, मासु, खाद्य सामग्रीको खपत पनि बढ्छ । माग र आपूर्तिको सामञ्जस्यता नमिल्दा केही मूल्यवृद्धि हुन सक्छ ।

यसर्थ, यस्ता घरायसी खपतका सामानको पनि समयमै जोहो गर्नु बुद्धिमानी हुने छ । यसबखत तुल, कपडा, फ्लेक्स, पर्चा, पोस्टर, पम्पलेट कागज, छपाइ, मुद्रण, विज्ञापन, होडिङबोर्डको खपत पनि बढी नै हुन्छ । यसर्थ, निर्वाचनकै मुखमा पर्ने गरी संघसंस्थाले कार्यक्रम नगर्नु नै उचित हुन्छ । कयौं सरकारी कार्यक्रमहरू आचारसंहिताको कारण गर्न नपाइने पनि हुन्छ । विशेषगरी निर्वाचनको समयमा मदिरा, चुरोट, स्थानीय रक्सी, जाँडलगायतका वस्तु पनि बढी नै खपत हुने गरेको छ । सामान्यतः यस्ता वस्तुको सेवन र उपयोग त्याग्नु नै उत्तम हुने छ ।

अन्त्यमा, आगामी फागुन २१ गते प्रतिनिधिसभामा सदस्यहरूका लागि हुन गइरहेको प्रत्यक्ष र समानुपातिक निर्वाचनका लागि निर्वाचन आयोग र सरकारले विशेष पहल गरिरहेको छ । यसमा सघाउनु आम नागरिकको कर्तव्य हो । यथार्थमा निर्वाचनको कार्य आयोग, उम्मेदवार र राजनीतिक दलका लागिमात्रै नभई आम मतदाताका लागि पनि हो । लोकतन्त्रको प्राण नै निर्वाचन हो । यसलाई संरक्षण गर्ने जिम्मेवारी आम मतदाताको भएकाले यस कार्यमा मन, वचन र कर्मले संलग्न रहन सार्वजनिक आह्वान गरिन्छ । *रासस*

**श्रम सरोकार**

## विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

### ५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ । स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ ।

# काठमाडौंमा एक रूसी कूटनीतिज्ञको दिन: दुई देशबीचको जीवन्त पुल

❑ निकिता मन्सुरोभ

यो वर्ष रूसले मंगलबार (१० फेब्रुअरी) 'कूटनीतिक कर्मचारी दिवस' मनायो, जुन समयमा रूस र नेपालबीचको कूटनीतिक सम्बन्धको ७०औं वर्षगाँठ पनि विभिन्न कार्यक्रम आयोजना गरेर मनाइँदै छ । यसै पृष्ठभूमिमा काठमाडौंमा कार्यरत एक रूसी कूटनीतिज्ञको दैनिक कार्यले राज्यहरूबीचको सम्बन्ध आधिकारिक पत्राचारबाट मात्र नभई, दुवै देशलाई व्यवहारमा एकअर्कालाई बुझ्न मद्दत गर्ने व्यक्तिहरूमार्फत कसरी निर्माण हुन्छ भन्ने एउटा शान्त तर अर्थपूर्ण उदाहरण दिन्छ ।

काठमाडौंमा रहेका एक रूसी कूटनीतिज्ञले आफ्नो दिन मानिस, संस्था र संस्कृतिहरूबीच निरन्तर आवागमन गर्दै बिताउँछन् । बिहान सबेरैदेखि ढिलो रातिसम्म, उनको काम विश्वास निर्माण गर्ने र रूस तथा नेपालले दिनप्रतिदिन एकअर्कालाई अझ राम्ररी बुझून् भन्ने सुनिश्चित गर्नेमा केन्द्रित हुन्छ । काठमाडौंको सफा बिहान, टाढा हिमालहरू देखिँदै गर्दा, दूतावास परिसरमा रूसी महासंघको झण्डा फहराइन्छ । भित्र, एक रूसी कूटनीतिज्ञले आफ्नो दिन धेरै नेपालीहरूलाई परिचित लाग्ने शैलीमा सुरु गर्छन्: एक कप चिया वा कफी र बिहानको समाचारका साथ । उनले नेपाली पत्रपत्रिकाहरू र अनलाइन पोर्टलहरू हेर्छन्, आधिकारिक सरकारी अपडेटहरू र अन्तर्राष्ट्रिय रिपोर्टहरू पछ्याउँछन् । यसको उद्देश्य सरल छ- आफू बसेको र काम गर्ने देशलाई बुझ्नु, सार्वजनिक घटनाक्रमहरू पछ्याउनु र रूस-नेपालबीच सहयोगका नयाँ अवसरहरू खोज्नु ।

चाँडै नै, दिनको 'कागजी' पाटो मानिसहरूसँगको काममा परिणत हुन्छ । कुनै पनि दूतावासका लागि 'कन्सुलर' (राहदानी तथा भिसा सम्बन्धी) कार्य सबैभन्दा देखिने र संवेदनशील जिम्मेवारीहरूमध्ये एक हो । काठमाडौंमा यसको अर्थ प्रायः रूसी पर्यटक र पर्वतारोहीहरूसँग व्यवहार गर्नु हो । कहिलेकाहीँ कुनै पर्वतारोहीले पदयात्राबाट फर्कने क्रममा आफ्नो राहदानी हराउँछन् । कहिलेकाहीँ कुनै पर्यटक दुर्घटनामा पर्छन् र राजधानीभन्दा धेरै टाढाको अस्पतालमा सहयोगको आवश्यकता पर्छ । यस्ता क्षणहरूमा, काठमाडौंमा तैनाथ रूसी कूटनीतिज्ञ डेस्क पछाडि सुट लगाएर बस्ने मानिसमात्र रहँदैनन् । कन्सुलर खण्डका आफ्ना सहकर्मीहरूसँग मिलेर उनले नेपाल पर्यटन बोर्डका अधिकारीहरू, स्थानीय प्रहरी, डाक्टरहरू र उद्धार टोलीहरूसँग कुरा गर्छन् । उनले भाषा, समय र प्रक्रियाहरूबीच समन्वय गर्दै रूसमा चिन्तित रहेका परिवारले 'तपाईंको प्रियजन सुरक्षित छ' भन्ने खबर सुन्न पाऊन् भन्ने सुनिश्चित गर्छन् ।

दूतावासमा आउने धेरैजसो आगन्तुक पर्यटकमात्र नभई विद्यार्थी पनि हुन्छन् । दशकौंदेखि नेपाली युवाहरू सोभियत र पछि रूसी विश्वविद्यालयहरूमा चिकित्सा, इञ्जिनियरिङ, प्राकृतिक विज्ञान र अन्य विषयहरू अध्ययन गर्न जाने गरेका छन् । हरेक वर्ष दूतावासले शैक्षिक कोटा र छात्रवृत्तिहरू व्यवस्थित गर्न मद्दत गर्दछ । एक रूसी कूटनीतिज्ञका लागि यो कामको विशेषगरी फलदायी हिस्सा हो । उनलाई थाहा छ कि यी युवाहरू रूसबाट ज्ञान र सीप लिएर नेपाल फर्कने छन् र अस्पतालहरूमा काम गर्ने छन्, जलविद्युत आयोजनाहरू डिजाइन गर्ने छन् वा नयाँ व्यवसायहरू विकास गर्ने छन् । शिक्षा एउटा यस्तो पुल बन्छ जुन कुनै पनि कूटनीतिक कार्यकालभन्दा धेरै लामो समयसम्म टिकिरहन्छ । कूटनीतिक सम्बन्ध स्थापना भएदेखि अहिलेसम्म पाँच हजारभन्दा बढी नेपाली विद्यार्थीले रूस र पूर्वसोभियत संघमा अध्ययन गरिसकेका छन् र हाल रूसी सरकारको कोटा कार्यक्रम अन्तर्गत हरेक वर्ष ४० देखि ६० वटा नयाँ छात्रवृत्तिहरू उपलब्ध गराइन्छ । दिन ढल्दै जाँदा, दृश्य कन्सुलर खण्डबाट बैठक कोठाहरूमा सर्छ । आधिकारिक सम्पर्कहरू कूटनीतिक जीवनको परम्परागत हिस्सा हुन्, तर काठमाडौंमा ती धेरै व्यावहारिक पनि छन् । रूसी कूटनीतिज्ञले परराष्ट्र मन्त्रालय, अन्य मन्त्रालय वा पर्यटन, शिक्षा वा ऊर्जासँग सम्बन्धित निकायहरूको बैठकमा भाग लिन सक्छन् । नेपाली साझेदारहरूसँग मिलेर उनले पर्यटकहरूको यात्रालाई कसरी सहज र सुरक्षित बनाउने, विश्वविद्यालयहरूबीच कसरी थप आदानप्रदान बढाउने, वा कूटनीतिक सम्बन्धको महत्त्वपूर्ण वार्षिकोत्सवहरू कसरी मनाउने भन्नेबारे छलफल गर्छन् । भाषा औपचारिक हुन्छ, तर लक्ष्य स्पष्ट हुन्छः दुवै देशलाई फाइदा पुग्ने ठोस परियोजनाहरू खोजी गर्दै आवश्यक विषयमा काम गर्नु ।

काठमाडौंमा कूटनीतिक कागजात र शिष्टाचारमा मात्र सीमित छैन; यो संस्कृतिसँग पनि जोडिएको छ । बेलुका, दूतावासको 'ह्वाइट हल' मा कन्सर्ट, चलचित्र प्रदर्शनी वा स्वागत समारोह आयोजना हुन सक्छ । यस्ता साँझहरूमा यो हल संगीत, आवाज र धेरै व्यक्तिगत कथाहरूले भरिन्छ । नियमित पाहुनाहरूमध्ये सोभियत र रूसी विश्वविद्यालयहरूमा पढेका नेपाली पूर्वविद्यार्थीहरूको संस्था 'मित्र कुञ्ज' पनि एक हो । यसका सदस्यहरूले लुगान्स्कदेखि भ्लादिभोस्तोकसम्मका सहरहरूमा अध्ययन गरेका छन् । आज उनीहरू नेपालमा डाक्टर, इञ्जिनियर, शिक्षक र निजामती कर्मचारीका रूपमा कार्यरत छन् । जब उनीहरू 'ह्वाइट हल' मा भेला हुन्छन्, उनीहरू रूसको जाडो र विद्यार्थी जीवनका कुरा गर्छन् र त्यहाँको शिक्षाले कसरी उनीहरूलाई आफ्नो देशको सेवा गर्न मद्दत गर्‍यो भन्नेबारे चर्चा गर्छन् ।

२१औं शताब्दीमा मिडियासँगको सहकार्य कूटनीतिक दिनचर्याको अभिन्न अंग बनेको छ । नेपालस्थित रूसी दूतावासले प्रेस ब्रिफिङ, अन्तर्वार्ता र मिडिया अन्तरक्रिया कार्यक्रमहरू मार्फत नियमित रूपमा नेपाली पत्रकारहरूसँग संवाद गर्दछ । यस्ता भेटघाटहरूमा कूटनीतिज्ञले लामा वक्तव्यहरू मात्र पढ्दैनन्, बरु प्रश्नहरूको जवाफ दिन्छन् र नेपाली सञ्चारकर्मीका चासोहरू ध्यानपूर्वक सुन्छन् । यसले रूस-नेपाल सम्बन्धका बारेमा सही जानकारी प्रवाह गर्न मद्दत गर्दछ ।

एक कूटनीतिज्ञको कार्य दिन कार्यालयको ढोका बन्द भएपछि विरलै सकिन्छ । काठमाडौंमा साँझमा अप्रत्यासित फोनहरू आउन सक्छन् । उडान ढिलो भएको हुन सक्छ, वा कुनै पदयात्रा समूहले बाटो परिवर्तन गरेको हुन सक्छ । समयको भिन्नताका कारण कहिलेकाहीँ मस्कोबाट अनुरोधहरू तब आउँछन् जब काठमाडौं सुत्ने तयारीमा हुन्छ । यस्ता रातहरूमा दूतावासको बत्ती सामान्यभन्दा केही ढिलासम्म बलिरहन्छ ।

यदि यी सबै प्रसंगहरूलाई एउटै शब्दमा जोड्ने हो भने, त्यो शब्द हो- पुल । काठमाडौंमा कार्यरत एक रूसी कूटनीतिज्ञले आफ्नो दिन रूसी र नेपालीहरूलाई भेट्न, कुरा गर्न, सहयोग गर्न र समस्याहरू सँगै समाधान गर्न मद्दत गर्दै बिताउँछन् । उनी व्यावहारिक अर्थमा दुई समाजबीचको एउटा पुल हुन् । १० फेब्रुअरीमा रूसले 'कूटनीतिक कर्मचारी दिवस' मनाउँदा, काठमाडौंमा रहेका रूसी कूटनीतिज्ञका लागि यो दिन औपचारिक समारोहमात्र होइन । यो एउटा शान्त स्मरण हो कि उनको दैनिक कामले रूस र नेपालबीचको एउटा स्थिर, सम्मानजनक र मानवीय सम्बन्ध निर्माणमा योगदान पुर्‍याइरहेको छ ।

नवलपुर-२ का मतदाता भन्छन्

# चुनावी वाचा केही पूरा भए, केही अधुरै छन्




**नवलपुर (नवलपरासी)**- प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति नजिकिँदै गर्दा नवलपरासी (बर्दघाट-सुस्तापूर्व)का मतदाता अघिल्लो चुनावमा गरेका वाचा सम्झिन थालेका छन् ।

निर्वाचन क्षेत्र नं २ मा नारायणी नदी कटान, मानव वन्यजन्तु द्वन्द्व, जग्गाको लालपुर्जालगायत मुख्य समस्या समाधान गर्ने भन्दै यसअघिको निर्वाचनमा मतदातासमक्ष प्रतिबद्धता जारी गर्ने गरेका मध्यविन्दु-३ का मतदाता मित्र पौडेलले बताए । 'यहाँको मुख्य समस्यामा रहेको विषयमध्ये नारायणी नदीको कटान नियन्त्रणका लागि कामको थालनी भएको छ,' उनले भने, 'बाँकी विषय कहिल्यै प्राथमिकतामा परेको हामीले पाएका छैनौं ।'

यहाँ स्वास्थ्य, शिक्षा, रोजगारी, सडकलगायतका पूर्वाधारको विकास हुन नसकेको भन्दै उनले स्वास्थ्य क्षेत्रमा केही सुधार देखिएको भए पनि अन्य समस्या सम्बोधन हुन नसकेका गुनासो गरे । कावासोती नगरपालिका-१७ की अनिताकुमारी थनेतले भोट माग्न आउँदा जंगली जनावर गाउँ पस्न नदिन आवश्यक प्रयास गर्ने बताउने गरेका तर त्यो आश्वासनमा मात्र सीमित भएको बताइन् । नेताहरूले बाटो बनाउछौं भनेर गएकोमा बाटो भने पक्की बनेकोमा उनले खुसी व्यक्त गरिन् ।

विनयी त्रिवेणी गाउँपालिका-१ दुम्कीबासका २२ वर्षीय आदित्य विश्वकर्माले युवाहरूलाई स्वेदशमै रोजगारीको व्यवस्था हुनुपर्ने बताए । 'हामी युवाले परिवर्तन चाहेका छौं, त्यस्तो परिवर्तन जहाँ रोजगारीका निम्ति विदेसिनु नपरोस्,' उनले भने ।

निर्वाचन क्षेत्र नं २ मा १८ जना उम्मेदवार छन् । ती मध्ये १२ जना राजनीतिक पार्टीबाट तथा छ जना स्वतन्त्र छन् । यहाँ नेकपा एमाले, नेपाली कांग्रेस, नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवारबीच नै मुख्य प्रतिस्पर्धा हुने देखिन्छ ।

यहाँ ६३ हजार ७२ महिला, ६८ हजार ३७० पुरुष एवं तीन जना यौनिक तथा लैंगिक अल्पसंख्यक गरी जम्मा एक लाख ३१ हजार ४४५ मतदाता कायम रहेका जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । *रासस*

# सर्लाही-१ मा पुरानै उम्मेदवारबीच प्रतिस्पर्धा, नयाँको चुनौती

**बरहथवा (सर्लाही)**- आसन्न निर्वाचन नजिकिँदै गर्दा सर्लाहीका चार वटै निर्वाचन क्षेत्रमा चुनावी चहलपहल बढेको छ । हाल सबै क्षेत्रका उम्मेदवार घरदैलोमा व्यस्त छन् । सर्लाहीमा १३२ जना उम्मेदवार छन् । यहाँ नयाँ पुस्ता र नयाँ दलको चर्चा चले पनि प्रतिस्पर्धा भने पुराना दलबीच नै हुने छ । नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टीबीच नै प्रतिस्पर्धा हुने देखिन्छ ।

पुराना पार्टीले विगतमाझैं आगामी निर्वाचनमा पनि पुरानै उम्मेदवारलाई प्रत्यासी बनाएका छन् । क्षेत्र नं १ मा लोकतान्त्रिक समाजवादी पार्टीले गत निर्वाचनमा विजयी रामप्रकाश चौधरीलाई यसपटक पनि उम्मेदवार बनाएको छ । नेकपा एमालेबाट मनोजकुमार देवकोटा, नेपाली कम्युनिस्ट पार्टी प्रमोद साहलाई अघि सारेको छ । नेपाली कांग्रेसले शम्भुलाल श्रेष्ठ, राष्ट्रिय स्वतन्त्र पार्टीले नीतिमा भण्डारीलाई उम्मेदवार बनाएको छ ।

मंगोल नेसनल अर्गनाइजेसनले अमृतलाल बोम्जन, नेपाल जनता पार्टीले इनरजित तेली, उज्यालो नेपाल पार्टीले छत्रबहादुर डुम्जन, नेपाल जनता संरक्षण पार्टीले जितेन्द्रप्रसाद रौनियार, राष्ट्रिय मुक्ति आन्दोलन नेपालले टेकबहादुर श्रेष्ठ, राष्ट्रिय निर्माण दल नेपालले तैयव मन्सुर र आम जनता पार्टीले मोहम्मद अस्फाकलाई उठाएको छ ।

नेपाल मजदुर किसान पार्टीबाट रमाकान्त कापर, बहुजन एकता पार्टी नेपालबाट राजाराम पासवान, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट लुमडीप्रसाद धिमाल, राष्ट्रिय मुक्ति पार्टी नेपालबाट विकासकुमार ठाकुर, जनमत पार्टीबाट श्ररञ्जन महतो, श्रम संस्कृति पार्टीबाट सुमनहरी अधिकारी र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट सूर्यनारायण यादवको प्रत्यासी छन् ।

यसैबीच, स्वतन्त्र उम्मेदवारका रूपमा रेवतकुमार अधिकारी, रामपरीक्षण यादव, रामदुलार महतो, राम कैलाश, मोहन पासवान, माधोपासवान दुसाध, भरतकुमार थापा, भरत चौधरी, गम्भिरहरी अधिकारी र अरुणकुमार महतो चुनावी मैदानमा छन् । यहाँका एक लाख ३० हजार ८७१ जना मतदाताले १५७ वटा मतदान केन्द्रबाट आफ्नो मत जाहेर गर्दै छन् । *रासस*

## साउदीमा रोजगार

कम्पनी : ARABIAN GRAY CONT.EST

पूर्व स्वीकृति मिति : २०८२/१०/२७ | LT. No. 338155 | चलानी नं. ६०२५२२३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 3 | 0 | 1000 | ३८,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ६ गते (18th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

